# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ४७ | काठमाडौं | सोमबार, २६ जेठ २०८२ | Prabhab National Daily | Monday, June 09 , 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


सुशासनको नारा घन्काउने कांग्रेस

## आफ्नै भवन बनाउन राज्यकोषबाट करोडौं बजेट विनियोजन

- उपप्रधानमन्त्रीसमेत रहेका सहरी विकासमन्त्री प्रकाशमान सिंहमार्फत काठमाडौंमा तरूण दलको भवन बनाउन तीन करोड छुट्याउन सफल
- नेपाली कांग्रेस दोलखाको भवन बनाउन बागमती प्रदेश सरकारबाट चार करोड विनियोजन, दुई करोड १४ लाखमा ठेक्का


दोलखा कांग्रेसको भवन उद्घाटन गर्दै कांग्रेस नेता कृष्ण सिटौलालगायत ।

■ प्रभाव संवाददाता

**काठमाडौं–** सुशासन र पारदर्शिता नेपाली कांग्रेसले सरकारमा आएदेखि घन्काउँदै आएको नारा हो । कांग्रेसका शीर्ष नेताहरू यही नारा उछाल्दै अहिलेका प्रधानमन्त्री केपी शर्मा ओलीले ठीकसँग शासन नगरेको आरोप लगाउँदै आएका थिए ।

कांग्रेस संस्थापनइतरका नेता डा. शेखर कोइराला सत्ताको आलोचना गर्दै आएका नेतामध्ये एक पर्छन् । शनिबारमात्र कोइरालाले भक्तपुर पुगेर सत्ताको चाबी कांग्रेससँग नरहेको तर्क अघि सारेका थिए । 'सरकार र सत्ता फरक कुरा हुन् । हामी सरकारमा छौं । नेपाली कांग्रेस सरकारमा छ । तर सत्ताको चाबी हामीसित छैन,' कोइरालाले भनेका थिए ।

उनै कोइरालाको दल कांग्रेसले भने सरकारको ढुकुटीको रकम आफ्नो दलको कार्यालय र भ्रातृ संगठनको भवन बनाउन छुटचाउन सफल भएको छ । एमालेसँग सत्तामा रहेको कांग्रेसले संघीय सरकारदेखि प्रदेश सरकारबाट दलीय भवन बनाउन बजेटबाट करोडौं छुटचाएको हो । सबैभन्दा पहिले त उपप्रधानमन्त्रीसमेत रहेका सहरी विकासमन्त्री प्रकाशमान सिंहमार्फत तरुण दलको भवन बनाउन तीन करोड रूपैयाँ छुटचाउन सफल भएको हो ।

काठमाडौंको रविभवनमा कांग्रेसको भ्रातृ संगठनको भवन बनाउन बजेट पाएकोमा तरुण दलका अध्यक्ष विद्वान गुरुङले विज्ञप्ति नै जारी गरेर सभापति शेरबहादुर देउवा र मन्त्री सिंहलाई धन्यवाद दिएका थिए । विज्ञप्ति आएसँग सामाजिक सञ्जालमा चर्को विरोध सुरु भएपछि तरुण दलले अर्को विज्ञप्ति जारी गर्दै त्यसको बचाउ गरेको थियो ।


क्रमशः पृष्ठ २ मा


### दोलखामा कांग्रेस भवनका लागि दुई करोड

संघमा भ्रातृ संगठनका लागि बजेट दिएको कांग्रेसले बागमती प्रदेशको अर्थ मन्त्रालयबाट दोलखाको पार्टी कार्यालयका लागि दुई करोड १४ लाख रूपैयाँबराबरको ठेक्का सम्झौता गरेको छ । चार करोड रूपैयाँ बजेट विनियोजन भएकोमा बिपी स्मृति भवनको नाममा बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गतको सहरी विकास तथा भवन कार्यालय काभ्रेले दुई करोड १४ लाख रूपैयाँमा ठेक्का सम्झौता गरेको हो ।

सहरी विकास तथा भवन कार्यालय धुलिखेल काभ्रेपलाञ्चोकले गत चैतको १५ गते भवन निर्माणका लागि टेण्डर आह्वान गरेको थियो । जेठ ९ गते पिआर/यांग्रा/डाइनामेट जेभी कम्पनीसँग दुई करोड १४ लाख ८९ हजार रूपैयाँ लागतमा काम सम्पन्न गर्ने गरी ठेक्का सम्झौता गरिएको सहरी विकास तथा भवन कार्यालयले जनायो ।


क्रमशः पृष्ठ २ मा


टेलिकमको बिलिङ प्रणाली मर्मत ठेक्कामा भ्रष्टाचार

# टेलिकमकी प्रबन्ध निर्देशक पहाडीसहित १८ जनाविरुद्ध मुद्दा

■ जेबी योञ्जन

**काठमाडौं–** अख्तियार दुरूपयोग अनुसन्धान आयोगले एकपछि अर्को ठूलो भ्रष्टाचार काण्डलाई विशेष अदालत पुऱ्याएको छ । न्यायिक परीक्षणका लागि अख्तियारले आइतबारमात्रै नेपाल टेलिकममा भएको भनिएको साढे ३३ करोड भ्रष्टाचार काण्डलाई अदालत पुऱ्याएको हो ।

अख्तियारले नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम)की प्रबन्ध निर्देशक (तत्कालीन प्रमुख व्यावसायिक अधिकृत) संगीता पहाडी, तत्कालीन प्रबन्ध निर्देशक सुनिल पौडेलसहित १८ जनाविरुद्ध विशेष अदालत काठमाडौंमा मुद्दा दर्ता गरेको छ । बिलिङ प्रणालीको मर्मत सम्भारसम्बन्धी ठेक्का लम्ब्याउने क्रममा भ्रष्टाचार भएको अख्तियारको निष्कर्ष छ । विनाप्रतिस्पर्धा तीन अर्ब १५ करोड रूपैयाँको ठेक्का सम्झौतामा अनियमितता देखिएको अख्तियारले जनाएको छ । यही निष्कर्षसहित अख्तियारले हालका प्रबन्ध निर्देशक पहाडी, तत्कालीन प्रबन्ध निर्देशक पौडेलसहित १८ जनाविरुद्ध मुद्दा दायर गरेको हो ।

उक्त मुद्दामा पहाडी, पौडेलसहित प्रतिभा श्रेष्ठ, हेमप्रभा रामप्रताप कर्ण, नवल चौधरी, राजेन्द्र श्रेष्ठ, झविन्द्रलाल उपाध्याय, देवेन्द्र खतिवडा, विनिता श्रेष्ठ, अमुल प्रधान, राजीवकुमार केसी, मुक्तिप्रसाद अर्याल, सन्तोषकुमार श्रेष्ठ, परमात्मा भट्टराई, शैलेश श्रेष्ठलाई प्रतिवादी बनाइएको छ । विदेशी नागरिक लङ यङ, चिनियाँ नागरिक होङ वी र चिनियाँ कम्पनी एसिया इन्फो प्रालिलाई पनि प्रतिवादी बनाई मुद्दा दर्ता गरिएको छ । उनीहरूविरुद्ध अख्तियारले ३३ करोड ४८ लाख १७ हजार ४३० रूपैयाँ बिगो दाबी गरेको छ ।

उक्त प्रकरणमा अनुसन्धानमा तानिएका तत्कालीन सञ्चार सचिव एवं सञ्चालक समितिका अध्यक्षहरू हरिप्रसाद बस्याल, डा. वैकुण्ठ अर्याललगायत २४ जनालाई अख्तियारले प्रतिवादी बनाएन । उनीहरूविरुद्ध मुद्दा चल्ने निर्णय अख्तियारले गरेन । अख्तियारले प्रतिवादी नबनाएकाहरू टेलिकमका सञ्चालक समिति सदस्यहरू रहेका सहसचिवहरू भूपाल बराल, उत्तरकुमार खत्री, शंकर लामिछाने, कम्पनी सचिव राजेन्द्र अर्याल, तत्कालीन प्रबन्ध निर्देशक डिल्लीराम अधिकारी, तत्कालीन प्राविधिक अधिकृत भानुराज श्रेष्ठ, तत्कालीन निर्देशक राधाकृष्ण ढुंगेल, तत्कालीन नायव प्रबन्धक निर्देशक मिनु प्रधानविरुद्ध पनि मुद्दा नचल्ने निर्णय अख्तियारले गऱ्यो ।

यस्तै, कम्पनीका तत्कालीन निर्देशक सविना मास्के, तत्कालीन प्रबन्धकहरू हरि ढकाल, गंगासागर मातंछे, कुमारप्रसाद खतिवडा, प्रकाश मानन्धर, सुवोध रिमाल, शोभन अधिकारी, अनुप रेग्मीविरुद्ध पनि अख्तियारले मुद्दा नचलाउने निर्णय गरेको हो ।


क्रमशः पृष्ठ २ मा



संगीता पहाडी | सुनिल पौडेल

- नेपाल टेलिकमकी प्रबन्ध निर्देशक संगीता पहाडी, तत्कालीन प्रबन्ध निर्देशक सुनिल पौडेलसहित २८ जनाविरूद्ध भ्रष्टाचार मुद्दा
- विनाप्रतिस्पर्धा तीन अर्ब १५ करोड रूपैयाँको ठेक्का सम्झौतामा अनियमितता देखिएको अख्तियारको ठहर
- ३३ करोड ४८ लाख १७ हजार ४३० रूपैयाँ बिगो दाबी
- पूर्वसञ्चारसचिव डा. बैकुण्ठ अर्यालसहित २४ जनाविरुद्ध चलेन मुद्दा

### आयल निगमका गण्डकी प्रदेश प्रमुखसहित पाँच जनाविरुद्ध मुद्दा

**काठमाडौं (प्रस)–** इन्धन चोरीको आरोपमा नेपाल आयल निगम गण्डकी प्रादेशिक कार्यालयका प्रमुख चितरञ्जन दाससहित पाँच जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ । अख्तियारले प्रादेशिक कार्यालयको पोखराअन्तर्गत गगनगौडास्थित डिपोमा इन्धन चोरीको आरोप लागेपछि कार्यालय प्रमुख दास, पश्चिमाञ्चल ट्रेडर्स कम्पनीका सञ्चालक तथा ट्यांकर धनी बाबुराम जम्मकट्टेल, गण्डकी-धौलागिरि पेट्रोलियम डिलर्स एसोसिएसनका तत्कालीन प्रतिनिधिहरू जगन्नाथ ढुंगाना र लक्ष्मण रानाभाट तथा ट्यांकर चालक निर्मल थापाविरुद्ध मुद्दा दायर गरेको हो । अख्तियारको दाबीमा उनीहरूले सिसिटिभी बन्द गरेर मिलेमतोमा डिजेल बढी लोड गर्दथे । अख्तियारले २०८० साउन २५ गते पश्चिमाञ्चल ट्रेडर्स कम्पनीले १२ हजार लिटर डिजेलको अर्डर गरी नेपाल आयल निगमको खातामा भुक्तानी गरे पनि सो दिन सिसी क्यामरा बन्द गरेर तीन हजार डिजल बढी लोड गरेको पाइएको जनाएको छ ।


क्रमशः पृष्ठ २ मा


सन्दर्भ: वैदेशिक रोजगार

# स्वास्थ्य परीक्षणसम्बन्धी कार्यविधि संशोधन

- स्वास्थ्य परीक्षणको सूची र संस्थालाई आवश्यक मापदण्ड सार्वजनिक
- सबै गन्तव्य मुलुकका लागि अनिवार्यरूपमा रगतको परीक्षणबाट हेमोग्लोबिन, टिएलसी, डिएलसी, प्लेटलेट्स् र इएसआरको जाँच गरिने

■ प्रभाव संवाददाता

**काठमाडौं–** श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने संस्था सूचीकरण, नवीकरण तथा अनुगमनसम्बन्धी कार्यविधि, २०७२ संशोधन गरेको छ । मन्त्रालयले आइतबार सूचना जारी गर्दै कार्यविधिको दफा ११(छ) र अनुसूची-१ मा संशोधन गरिएको जानकारी दिएको हो ।

मन्त्रालयले श्रमिकले गर्नुपर्ने स्वास्थ्य परीक्षणको सूची र स्वास्थ्य परीक्षण गर्ने संस्थाले पूरा गर्नुपर्ने मापदण्डको विषय सार्वजनिक गरेको छ । मन्त्रालयले दफा ११ (छ)मा व्यवस्था गरेबमोजिम वैदेशिक रोजगारीमा जाने श्रमिकले गन्तव्य मुलुकको मापदण्डअनुसार आफ्नो विगतको स्वास्थ्य र शारीरिक अवस्थाको विस्तृत परीक्षण गर्नुपर्ने हुन्छ । श्रमिकको विगतको स्वास्थ्य अवस्था जाँचअन्तर्गत डाइबेटिज मेलिटस (मधुमेह), उच्च रक्तचाप, पल्मोनरी क्षयरोग, मुटु तथा मिर्गौलाको समस्या, श्वासप्रश्वाससम्बन्धी रोग, पेप्टिक अल्सर, छारेरोग र क्यान्सर भएको छ/छैन भनेर हेरिन्छ । त्यसैगरी व्यक्तिको सर्जिकल हिस्ट्री, लागुऔषध, सामाजिक-सांस्कृतिक र पारिवारिक इतिहाससमेतको जाँच गरिने भएको छ ।




सूचनाका अनुसार सबै गन्तव्य मुलुकका लागि अनिवार्यरूपमा रगतको परीक्षणबाट हेमोग्लोबिन, टिएलसी, डिएलसी, प्लेटलेट्स् र इएसआरको जाँच गरिने भएको छ । त्यसैगरी क्षयरोग, मिर्गौला, इलेक्ट्रोलाइट्स्, कलेजो, दुवै प्रकारका एचआइभीको परीक्षण, हेपाटाइटिस, मलेरिया, फिलेरिया, यौनजन्य रोग, पिसाबको जाँच, लिपिड, थाइराइडलगायत जाँच गर्नुपर्ने भएको छ ।

मन्त्रालयका अनुसार जिसिसी, मलेसिया, संयुक्त अरब इमिरेट्स र युरोपियन मुलुकको परीक्षणको सम्बन्धित मुलुकको आवश्यकताका आधारमा गर्नुपर्छ । चिकित्सकको सल्लाहबमोजिम व्यवसायसँग सम्बन्धित रोगको परीक्षण गराउनुपर्ने भएको छ । जसअन्तर्गत स्वासप्रश्वास, छाला, मांसपेशी तथा हड्डीसँग सम्बन्धित समस्या र संक्रामक रोगसम्बन्धी जाँच रहेको छ । चिकित्सकले आवश्यक ठानेमा उमेरसँग सम्बन्धित मधुमेह, मुटु, क्यान्सर, हाडजोर्नीजस्ता समस्याको परीक्षण गराउनुपर्छ । प्रजनन उमेर समूहका महिलाको गर्भावस्था परीक्षण गरिने छ ।

मन्त्रालयले स्वास्थ्य परीक्षण गर्ने संस्थाको अनुगमन फाराम पनि सार्वजनिक गरेको छ । अनुगमनकर्ताले संस्थाको रेडियोलोजी डिपार्टमेन्ट, प्याथोलोजी डिपार्टमेमेन्ट, केमिकल तथा रिएजेन्ट, मानव संसाधन व्यवास्थापन, भौतिक संरचना र सुविधाहरू र परीक्षण कक्ष गरी छ वटा विधामा आधारित भएर अनुगमन गर्ने जनाइएको छ । यी विभिन्न फाँटमा कतिवटा उपकरण छन् या छैनन्, भएका उपकरणको अवस्था कस्तो छ भनेर परीक्षण गरिएपछि सम्पूर्ण विवरण राखिन्छ । मन्त्रालयका अनुसार प्रयोगशालामा परीक्षणसम्बन्धी सञ्चालन प्रक्रिया (एसओपी), आन्तरिक र बाहृय गुणस्तर मूल्यांकन अभिलेख, रेफ्रिजेरेटरको दैनिक तापक्रम मापन गरेको अभिलेख, मेसिनरी औजार मर्मत सम्हार गरेको अभिलेख अनिवार्यरूपमा राख्नुपर्ने छ । यसका साथै मेसिनरी औजार खरिद गरेको, मेसिनरी औजार संस्थाको नाममा रहेको अभिलेख र वैदेशिक रोजगारीमा गएको श्रमिकको स्वस्थ्य परीक्षणसम्बन्धी रिपोर्ट पनि राख्नुपर्छ । मन्त्रालयका अनुसार महिला कामदारको पाठेघरको रोकथामसम्बन्धी निर्देशिका, २०७९ अनुसार स्क्रिनिङ गरेको विवरणको अभिलेखसमेत राख्नुपर्छ ।

वैदेशिक रोजगारीमा जाने श्रमिकको स्वास्थ्य परीक्षणलाई व्यवस्थित बनाउन भन्दै तोकिएको मापदृण्ड पूरा गर्न व्यवसायीलाई सरकारले आह्वान गरिसकेको छ ।


क्रमशः पृष्ठ २ मा



जनहितमा जारी सन्देश

हावाहुरी बाट जोगिन घर लगायतका संरचना बलियो बनाऔं

हावाहुरीलाई रोक्न सकिदैन, तर पूर्वतयारी गर्ने हो भने हावाहुरीबाट हुने क्षति कम गर्न सकिन्छ ।

- घरको संरचना बलियो बनाऔं ।
- हावाहुरी चल्न थाले झ्यालढोका थुनौं ।
- छानालाई ग्याबियन तारले राम्ररी कसेर बाधौं ।
- टिनको छानालाई जे-हुक (J-Hook) ले कसौं ।
- छतमा गमला बाधेर मात्र राखौं ।
- जस्तापाता लगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं ।
- भीडभाडमा भएका बेला हावाहुरी चले भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं ।
- मोटरसाईकल, गाडी चलाईरहेको बेला हावाहुरी चले रोकेर सुरक्षित स्थानमा बसौं ।
- कतै कुनै सुरक्षति ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं ।

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

## पृष्ठ १ बाट क्रमशः

### टेलिकमकी प्रबन्ध...

कम्पनीका तत्कालीन उपप्रबन्धकहरू मणिराज पौडेल, सुदिपराज घिमिरे, सरोज प्रधान, सन्तोष भण्डारी र तत्कालीन वरिष्ठ इञ्जिनियर प्रयाग खड्काले पनि उन्मुक्ति पाए ।

तर, वर्तमान प्रबन्ध निर्देशक पहाडीसहित १८ जना भने मुद्दामा प्रतिवादी बने । उनीहरूले टेलिकमबाट प्रतिस्पर्धाविना करिब तीन अर्ब १५ करोड रूपैयाँको ठेक्का सम्झौता गर्दा कैफियत देखिएको अख्तियारले जनाएको छ । यसबारे अख्तियारले विस्तृत अनुसन्धान गरेको थियो । २०७९ पुसमा भएको ठेक्का सम्झौताअनुसार एसिया इन्फो नामक कम्पनीले वार्षिक करिब ६५ करोड रूपैयाँका दरले पाँच वर्षमा तीन अर्ब रूपैयाँभन्दा बढी भुक्तानी पाउने स्थिति थियो ।

नेपाल टेलिकम सञ्चालक समितिले २४ पुस, २०७९ मा बिलिङ प्रणालीको सेवा उपलब्ध गराइरहेको एसिया इन्फो नामक कम्पनीसँग चार वर्षका लागि वार्षिक मर्मतसम्भार सम्झौता गर्ने निर्णय गरेको थियो । यहीबीच सञ्चालक समितिले आवश्यक परेमा थप एक वर्ष त्यस्तो सम्झौता लम्ब्याउन सकिने भनी प्रस्ताव अनुमोदन समेत गरेको थियो । बिलिङ प्रणालीविना टेलिफोन र इन्टरनेट सेवा सञ्चालन हुन सक्दैन । कुनै उपभोक्ताले अर्को व्यक्तिलाई फोन गर्दा बिलिङ प्रणाली हुदै अर्को व्यक्तिसम्म सम्पर्क स्थापित हुन्छ । पर्याप्त ब्यालेन्स नहुँदा बिलिङ प्रणालीले नै अर्को व्यक्तिसँग सम्पर्क गर्ने सुविधा दिँदैन ।

### आयल निगमका...

उक्त परिणाको डिजल त्यसबेला बरामद गरिएको थियो । बरामद गरिएको अतिरिक्त डिजेलको मूल्य करिब चार लाख ५९ हजार रूपैयाँ रहेको अख्तियारको आरोपपत्रमा उल्लेख छ ।

अनुसन्धानको क्रममा टयांकरको चलान, बिल र गेटपासमा तत्कालीन डिपो प्रमुख चितरञ्जन दासले स्वयम् हस्ताक्षर गरेका थिए । उनीमाथि निगमको डिपोका लागि तोकिएको नोक्सानी सीमा दुरूपयोग गर्दै पटक-पटक इन्धन अपचलन गर्दै आएको आरोप यसअघि पनि लाग्दै आएको थियो ।

निगमको केन्द्रीय कार्यालयको आन्तरिक प्रतिवेदनमा पनि दास प्रादेशिक प्रमुख भएपछि गण्डकीमा अघिल्ला दुई आर्थिक वर्षको तुलनामा निगमले दोब्बर नोक्सानी व्यहोर्नुपरेको विवरण छ ।

यसअघि इन्धन अपचलनमा संलग्न भनिएका दाससँगै व्यवसायी बाबुराम जमरकट्टेल एक लाख ५० हजार रूपैयाँ, एसोसिएसनका तत्कालीन सचिव जगन्नाथ ढुंगाना एक लाख र टयांकर चालक निर्मल थापा ७५ हजार धरौटीमा छुटेका थिए । तर, अपचलनको विस्तृत अनुसन्धानपछि प्रकरणमा संलग्न सबै व्यक्तिहरूविरुद्ध कारबाहीका लागि अख्तियारले भ्रष्टाचार मुद्दा दायर गरेको हो ।

डिपो प्रमुख दासविरुद्ध कम्तीमा पाँच वर्ष कैद सजाय र ५० हजार रूपैयाँ जरिवानाको मागदाबी गरिएको छ । अन्य तीन अभियुक्त व्यवसायीहरूलाई जनही तीन वर्ष कैद वा ३० हजार जरिवाना वा दुवै सजायको मागदाबी गरिएको थियो ।

### आफ्नै भवन...

सच्याएको विज्ञप्तिमा उक्त बजेट गणेशमान सिंह स्मृति भवनका लागि भएको बताइएको छ । 'नेपाल तरुण दलको आग्रहमा गणेशमान सिंह स्मृति भवनका लागि तीन करोड रूपैयाँ विनियोजन भएकोमा उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहज्यूप्रति आभार व्यक्त गर्दछौं,' शनिबार जारी गरेको विज्ञप्तिमा थप भनिएको छ, 'युवाहरूको सशक्तीकरण, क्षमता विकास र सीपयुक्त तालिम सञ्चालनसहित नेतृत्व विकासका लागि सो भवनले योगदान पुग्ने विश्वास लिएका छौं । युवाहरूको हकहित, क्षमता विकास र प्रतिभा प्रवर्द्धनका लागि तरुण दलको आग्रहमा भवनका लागि बजेट विनियोजन भएको विषयलाई अन्यथा ढंगबाट गलत प्रचार नगरिदिनुहुन अनुरोध गर्दछौं ।'

कांग्रेस नेता सिंहले आफ्ना बुवा गणेशमानको नाममा देशका विभिन्न ठाउँमा भवन तथा पार्कहरू बनाउन सरकारबाट बजेट विनियोजन गर्दै आएका छन् । काठमाडौंका विभिन्न स्थानमा गणेशमान सिंह प्रतिष्ठानबाट यस्ता बजेटहरू माग गर्ने र बजेट छुटचाउने काम विगतबाटै जारी छ । यसपटक तरुण दलले पनि यही नाममा आफ्नो भवन बनाउन बजेट माग गरेको देखिन्छ ।

### दोलखामा...

दोलखाको भीमेश्वर नगरपालिका-६ मा बिपी स्मृति भवन नाममा बन्न लागेको भवन सम्झौता भएको मितिले १८ महिनाभित्र काम सम्पन्न गरिसक्नुपर्ने छ ।

ठेक्का सम्झौता भएसँगै जेठ १७ गते कांग्रेस दोलखाले भवनको शिलान्यास कार्यक्रम आयोजना गरेको थियो । भवनको शिलान्यास कांग्रेस नेता कृष्णप्रसाद सिटौलाले गरेका थिए । बागमती प्रदेशका अर्थमन्त्री कुन्दनराज काफ्लेका सिटौला गुटका नेता हुन् । उनैको पहलमा बजेट परेकाले सिटौलालाई भवन शिलान्यासको मौका दिइएको कांग्रेस दोलखाका सभापति बर्मा लामाले बताए ।

### स्वास्थ्य...

मन्त्रालयले गत चैत १५ गतेको सूचनामा दुई महिनाभित्र आवश्यक पूर्वाधारको व्यवस्था गर्न भनेको थियो । अब स्वास्थ्य संस्थाले कार्यविधिमा तोकिएबमोजिमको मापदण्ड तयार पारी मन्त्रालयबाट निरीक्षण गराउनपर्ने छ । मापदण्ड पूरा नगर्ने स्वास्थ्य संस्था खारेज गर्ने मन्त्रालयको भनिसकेको छ । मापदण्ड पूरा गरेपश्चात् रोजगारीमा जाने श्रमिकले ३४ प्रकारका परीक्षण गराउनुपर्ने छ । यसबापतको शुल्क नौ हजार ५०० रूपैयाँ लाग्ने जनाइएको छ ।

# प्रतिनिधिसभा बैठक निरन्तर अवरुद्ध

**काठमाडौं (प्रस)–** प्रमुख प्रतिपक्षीलगायत विपक्षी दलहरूको विरोधका कारण प्रतिनिधिसभाको बैठक आइतबार पनि चल्न सकेन । आइतबारको बैठक नियमित कार्यसूचीमा प्रवेश नै नगरी स्थगित भयो ।

भिजिट भिसा प्रकरणमा गृहमन्त्री रमेश लेखकको राजीनामा र उच्चस्तरीय छानबिन समिति गठन माग गर्ने प्रतिपक्षी दलहरूको अडान कायमै रहेपछि प्रतिनिधिसभा बैठक चल्न नसकेको हो । आइतबार दिउँसो १ बजेका लागि बस्ने तय भएको बैठक सोही दिन ३:१५ बजे बस्ने गरी संघीय संसद् सचिवालयले सूचना टाँसेर बैठक सरेको थियो । दोस्रोपटक तोकिएको समयमा पनि बैठक बस्न नसकेपछि सचिवालयले पुनः अर्को सूचना प्रकाशित गरी साँझ ५:३० मा बस्ने उल्लेख गरेको थियो ।

सो सूचना प्रकाशित भएको एक घण्टापछि अर्थात् ६:३० बजे सुरु भएको बैठकमा पनि विपक्षी दलका सांसदहरूले उठेर विरोध जनाए । सभामुख देवराज घिमिरेले पटक-पटक सहजरूपमा सभा सञ्चालन गर्न आग्रह गरे पनि विपक्षी दलहरूले अस्वीकार गर्दै विरोध जनाए । त्यसपछि सभामुख घिमिरेले आइतबारको कार्यसूचीमा रहेका सबै कार्यक्रम हटाई बैठक स्थगित भएको सदनलाई जानकारी गराए ।

प्रतिनिधिसभाको अर्को बैठक आज दिउँसो २:०० बजे बस्ने छ । आइतबारको बैठकमा उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले वक्तव्यसहित 'आव २०८२/८३ को राजस्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल प्रारम्भ गरियोस्' भन्ने प्रस्ताव प्रस्तुत गर्ने कार्यसूची रहेको थियो ।

त्यस्तै, राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडाले संघीय निजामती सेवा विधेयकसम्बन्धी समितिको प्रतिवेदन, २०८२ पेस गर्ने कार्यसूची तय भएको थियो ।

भिजिट भिसा प्रकरणमा गृहमन्त्री लेखकको राजीनामा र उच्चस्तरीय छानबिन समितिको माग गर्दै प्रतिपक्षी दलहरू नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), नेकपा एकीकृत समाजवादीलगायतले प्रतिनिधिसभा बैठक चल्न दिएका छैनन् । यही जेठ १५ गते सदनमा प्रस्तुत भएको आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटमाथि छलफलपछि प्रतिपक्षी दलको विरोध कारण चल्न सकेको छैन ।


## युएइमा रोजगार

कम्पनी : SPRING BLUE TECHNICAL & CLEANING SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०२/२५ LT. No. 325330 चलानी नं. ६०२३९२६३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 18 | 0 | 1100 | ४१,०२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १ गते (15th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | १०,०००/- | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Employment Creation Service Pvt. Ltd.
Pancha Kumari Mandir, Sinamangal-9, Kathmandu, Nepal
Tel: +977-1-4588393, 4587496 E-mail : info@ecsmanpower.com, Website : ecsmanpower.com



## साउदीमा रोजगार

कम्पनी : Manifa Cafe Malih Samihan Al Dhafiri serves drinks

पूर्व स्वीकृति मिति : २०८२/०२/२२ LT. No. 325283 चलानी नं. ६०२३९२८०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 2 | 0 | 1200 | ४३,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २ गते (16th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



## जापानमा रोजगार

कम्पनी : Topaim Okinawa Business Cooperative

पूर्व स्वीकृति मिति : २०८२/०२/२५ LT. No. 325346 चलानी नं. ६०२३९८९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | deli food manufacturing industry | 10 | 0 | 170000 | १६१,७८५ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्की आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।

१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति: स्थान: प्रा.लि.को कार्यालय, मिति: यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्च: ५०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थान: छनौट तरिका: अन्तर्वार्ता, स्थान: प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मिति: पछि प्रकाशित गरिनेछ ।

नोट: वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्य: यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २ गते (16th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ५०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Elite Gurkhas Overseas Pvt. Ltd.
श्रम ईजाजत नं.५३५/०६१/०६२
Gongabu Townplanning-26 Kathmandu, Nepal, Tel.: +977-1-4975567, 4975568,
E-mail: proelitegurkhas@gmail.com, Web: www.elitegurkhasoverseas.com



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०७५/०८/०३ मा दर्ता भएको श्री **गेटवे इन्टरप्राइजेज (प्रा. लि. नं. २०२५८३)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०६६/०५/१६ मा दर्ता भएको श्री **ग्लोबल नेपाल कन्सल्टेन्सी प्रा. लि. (प्रा. लि. नं. ६५६८८)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मिति: २०८२/०२/२६**

**ओओम्फ इन्टरनेशनल सर्भिसेज प्रा. लि.** को मिति २०८२/०२/०५ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **बेस्ट स्किल एजुकेशन कन्सल्टेन्सी प्रा. लि. (प्रा.लि नं २६९८४०)** कायम गर्ने गरी मिति २०८२/०२/१९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मिति: २०८२/०२/२६**

**कृति सेवा प्रा. लि.** को मिति २०८२/०१/१७ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **कोरियन पेन्टस् काठमाण्डौं प्रा. लि. (प्रा.लि नं २३७५०२)** कायम गर्ने गरी मिति २०८२/०२/०४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**पहिलो पटक प्रकाशित मिति: २०८२/०२/२६**

यस कम्पनीको मिति २०८१/१२/०६ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **टिम सप्लायार्स. प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **टिम ट्रेडिंग प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/०१/२२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **टिम ट्रेडिंग प्रा.लि.** (प्रा.लि.नं.१५८५७८) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**कर्मचारी नरहेको सूचना**

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस व्क्ष्क्ष्ल्भ इख्भच्क्भ्क्ब एख्तीत्म इजाजत नम्बर ८७४/०६६/०६७ मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| SN | NAME | CITIZENSHIP NO. | POST |
|---|---|---|---|
| 1 | Ananta Ram Bhandari | 94383/494 | Shram Pratinidi |
| 2 | Semika Dahal | 106333 | PRO |
| 3 | Sagar Lamichhane | 23/01/74/00229 | Receptionist |
| 4 | Ashma Gurung | 324564654 | Receptionist |
| 5 | Hem Bahadur Karki | 213004/33 | Documentation |
| 6 | Shankar Lamichhane | 2126/23 | PRO |
| 7 | Binod Kumar Sardar | 62684689 | PRO |

JASMINE OVERSEAS PVT.LTD.
Basundhara, Dhapasi Chauki, Kathmandu,Nepal,
Tel : +977-1-4365056, 4387950, 4389279
LIC. 874/066/067


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

सोमबार, २६ जेठ, २०८२

| | |
|---|---|
| **मेष** | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| **वृष** | सानोतिनो समस्याले अल्झाउन सक्छ । |
| **मिथुन** | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| **कर्कट** | मिहिनेछ गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| **सिंह** | काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । |
| **कन्या** | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |
| **तुला** | सोचेको उपलब्धि तत्काल प्राप्त नहुने । |
| **वृश्चिक** | सम्भावना देखिए पनि समयमा काम नहुने। |
| **धनु** | कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ। |
| **मकर** | नयाँ कामको अवसर प्राप्त हुनसक्छ । |
| **कुम्भ** | सुखद समाचारले उत्साह जगाउनेछ । |
| **मीन** | रोकिएका काम सम्पादन हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२६ जेठ, २०८२ (०९ जुन, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३६.७१ | १३७.३१ |
| युरो | १ को | १५६.१३ | १५६.८१ |
| पाउन्ड स्टिर्लङ | १ को | १८५.१४ | १८५.९५ |
| स्विस फ्रैन्क | १ को | १६६.४२ | १६७.१५ |
| अस्ट्रेलियन डलर | १ को | ८८.७८ | ८९.१७ |
| क्यानाडियन डलर | १ को | ९९.९० | १००.३४ |
| सिङ्गापुर डलर | १ को | १०६.३१ | १०६.७७ |
| जापानी येन | १० को | ९.४८ | ९.५२ |
| चिनियाँ युआन | १ को | १९.०३ | १९.१२ |
| साउदी अरब रियाल | १ को | ३६.४५ | ३६.६१ |
| कतारी रियाल | १ को | ३७.५१ | ३७.६७ |
| थाई भाट | ख १ को | ४.१९ | ४.२१ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.२२ | ३७.३८ |
| मलेसियन रिङेट | १ को | ३२.३२ | ३२.४६ |
| दक्षिण कोरियन वन | १०० को | १०.०७ | १०.११ |
| स्विडिस क्रोनर | १ को | १४.२५ | १४.३१ |
| डेनिस क्रोनर | १ को | २०.९३ | २१.०२ |
| हङकङ डलर | १ को | १७.४२ | १७.५० |
| कुवेती दिनार | १ को | ४४६.०७ | ४४८.०३ |
| बहराइन दिनार | १ को | ३६२.६४ | ३६४.२३ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# चौध वर्षदेखि अल्झिएको मुआब्जाको गाँठो फुकाइँदै

**काठमाडौं (प्रस)–** काठमाडौं उपत्यकामा सडक विस्तारमा परेका घरजग्गाको मुआब्जा दिने विषयमा छलफल सुरु भएको छ । उपप्रधान एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले सडक विस्तारमा परेर मुआब्जा नपाएकालाई कानुनअनुसार मुआब्जाको प्रक्रिया अघि बढाउने विषयबारे छलफल गरेका हुन् ।

मन्त्रालयमा आइतबार भएको छलफलमा उपप्रधानमन्त्री सिंहले सर्वोच्च अदालतको फैसलाबमोजिम मुआब्जा दिनुपर्ने जग्गाको विषयमा काठमाडौं उपत्यका विकास प्राधिकरणसँग जानकारी लिँदै अदालतको फैसला कार्यान्वयनमा अघि बढ्न निर्देशन दिएको प्राधिकरणकी विकास आयुक्त जानुका ढकालले जानकारी दिइन् ।

उपप्रधानमन्त्री सिंहको सक्रियतासँगै वर्षौंदेखि मुआब्जा कुरिरहेका काठमाडौं उपत्यकावासीको माग सम्बोधनको दिशामा अघि बढेको छ । अहिले साँखु सडक खण्ड, धोबिखोला, कलंकी–नागढुंगा सडक खण्ड, डिल्लीबजारसहितका स्थानमा सडक विस्तारमा परेका स्थानीयले घरजग्गाको मुआब्जा पाएका छैनन् ।

२०६८ देखि २०७५ सालसम्म अधिग्रहणमा परेर मुआब्जा नपाउनेहरू क्षतिपूर्तिको माग गर्दै सर्वोच्च अदालत पुगेका थिए । सर्वोच्चले अधिग्रहणमा परेका जग्गाको क्षतिपूर्ति दिन भनी आदेश दिएको थियो । तर हालसम्म अदालतको आदेश कार्यान्वयन नहुँदा घरजग्गा गुमाएका सर्वसाधारण मारमा परेका छन् ।

उपप्रधानमन्त्री सिंहको चासोसँगै अब सडक विस्तारमा घरजग्गा गुमाएकाहरूले छिट्टै क्षतिपूर्ति पाउने छन् । काठमाडौं उपत्यका विकास प्राधिकरणका काठमाडौं जिल्ला आयुक्त सुवास बस्नेतले काठमाडौंमा मात्रै २०७५ सम्म एक हजार ३०० परिवारले क्षतिपूर्ति लिइसकेको र ८१५ परिवारले क्षतिपूर्ति लिन बाँकी छ ।

'अदालतबाट फैसला भइसकेको घरजग्गाको मुआब्जाको विषय अघि बढाउन उपप्रधानमन्त्री सिंहले निर्देशन दिएको छ । फैसला भएका घरजग्गाको विषयमा प्राधिकरण अब अघि बढ्छ,' विकास आयुक्त ढकालले भने । जग्गा प्राप्ति ऐन, २०३४ अनुसार जग्गा प्राप्ति, मूल्यांकन प्रमुख जिल्ला अधिकारीले गर्ने व्यवस्था रहेको छ ।

# गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रम पारित

**गण्डकी (प्रस)–** गण्डकी प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम प्रदेशसभाबाट पारित भएको छ । यही जेठ २१ गते प्रदेशसभामा प्रस्तुत भएको नीति तथा कार्यक्रममाथि दुई दिनसम्म छलफल भएपछि आइतबारको प्रदेशसभा बैठकबाट बहुमतले पारित भएको हो ।

मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले नीति तथा कार्यक्रम पारित गरियोस् भनी प्रदेशसभामा पेस गरेको प्रस्तावलाई बहुमत सदस्यले समर्थन गरेका थिए । त्यस क्रममा मुख्यमन्त्री पाण्डेले संघीय सरकार र स्थानीय तहसँगको समन्वय तथा सहकार्यमा अगाडि बढ्ने बताए । उनले आत्मनिर्भर प्रदेशको आधार तयार गर्ने गरी नीति तथा कार्यक्रम ल्याइएको बताए ।

'स्रोत र राजस्व वृद्धिमा विशेष ध्यान दिइएको छ, लगानीमैत्री वातावरण बनाई आर्थिक विकास र रोजगारी सिर्जना गर्नुपर्ने आवश्यकता छ,' त्यसअघि नीति तथा कार्यक्रममाथि प्रदेशसभा सदस्यहरूले विभिन्न धारणा राखेका थिए ।

प्रदेशसभा सदस्य हरिबहादुर चुमानले नीति तथा कार्यक्रम ठोस र मूर्तरूपमा आउन नसकेको बताए । उनले कार्यान्वयनयोग्य कार्यक्रम घोषणा गर्न प्रदेश सरकारलाई सुझाव दिए । प्रदेशसभा सदस्य नन्दप्रसाद न्यौपानेले उद्देश्यपरक रूपमा नीति तथा कार्यक्रम आएको र यसले प्रदेशको दिगो विकासको मार्गचित्र कोरेको धारणा राखे । प्रदेशसभा सदस्य गोविन्दबहादुर नेपालीले नीति तथा कार्यक्रमले प्रदेशलाई नयाँ दिशानिर्देश गरेको बताए ।

# विपद्प्रभावित कृषकलाई नौ महिनापछि राहत

काभ्रेपलाञ्चोक (प्रस)– गत असोज दोस्रो साताको अविरल वर्षाको बाढीपहिरोबाट पीडित यहाँका कृषकलाई नौ महिनापछि राहत दिलाइँदै छ । केही समयअघि बागमती प्रदेश सरकारले चालु आर्थिक वर्षभित्र विपद्का घटनाबाट प्रभावित कृषकका लागि राहत उपलब्ध गराउने निर्णय गरेपछि जिल्लाका १५२ कृषकको परिवारलाई राहत दिलाउन लागिएको हो ।

यसका लागि कृषि विकास कार्यालय धुलिखेलले प्राप्त निवेदनका आधार उक्त संख्याका कृषक परिवारलाई राहत दिलाउन यही जेठ १५ गतेसम्म संकलित प्रक्रिया पुगेका निवेदनलाई प्रदेशस्थित मन्त्रालय पठाइसकिएको जनाएको छ ।

'थप केही कृषकका निवेदन आइरहेका छन्, असार पहिलो सातासम्मका प्रक्रिया पुगेका निवदेन मन्त्रालय पठाउने छौं,' कार्यालयका प्रमुख कुलप्रसाद दवाडीले भने । उनका अनुसार प्रदेश सरकारबाट आउने राहत कृषककै खातामा जम्मा गर्ने व्यवस्था मिलाइएको छ ।

प्रमुख दवाडीका अनुसार मन्त्रालयमा पेस गरिएका कृषकको ८०८ रोपनीमा खाद्यान्न बाली नष्ट भएको दाबी पेस गरिएको छ । १३४ रोपनी जमिनमा तरकारी बाली क्षति भएको जनाइएको छ । यसैगरी, ३१० रोपनी क्षेत्रफलमा फलफूल र २४० वर्ग मिटरका कृषि संरचना क्षति भएको दाबी गरिएको छ ।

मन्त्रालयको नीतिअनुसार कृषकको खाद्यान्नबाली क्षति भएको अवस्थामा प्रतिरोपनी एक हजार ५०० रूपैयाँ, तरकारी बालीमा प्रतिरोपनी दुई हजार ५०० रूपैयाँ र फलफूलतर्फ प्रतिरोपनी पाँच हजार रूपैयाँ राहत पाइने छ । हाल माग गरिएको कृषकको राहत रकम ३१ लाख ३२ हजार रूपैयाँ रहेको जनाइएको छ ।

विपद्जन्य घटनाको केही महिनापछि विश्वखाद्य कार्यक्रम (डब्लुएफओ)मार्फत गुजाराका लागि पाँच जनासम्म कृषक परिवारका लागि १५ हजार रूपैयाँ र त्यसभन्दा धेरै परिवार संख्या भएका परिवारलाई २० हजार रूपैयाँका दरले बेथानचोक, तेमाल र रोशी क्षेत्रका दुई हजार ६४० घर परिवारका लागि चार करोड २३ लाख रूपैयाँ सहयोग गरिएको थियो ।

असोजको बाढीपहिरोबाट काभ्रेपलाञ्चोकका ८१ जनाले ज्यान गुमाएका थिए । छ जना अझै बेपत्तामा सूचीकृत छन् भने १०० को हाराहारिमा घाइते भएका थिए । गत चैत अन्तिम साता जिल्लामा सबैभन्दा बढी जनधनको क्षति व्यहोरेको रोशी गाउँपालिकाबाट निजी आवासको सुरुआत गरिएको छ ।

गृहमन्त्री रमेश लेखकले रोशी वडा नं २ नारायणटारबाट सुरुआत गर्नुभएको विस्तृत क्षति आँकलनमा स्थायी घर निर्माणका लागि सरकारका तर्फबाट क्रमशः अनुदान उपलब्ध गराउन जिल्लामा विस्तृत क्षति आँकलनका लागि १८ जना प्राविधिक खटाइएको छ । निजी आवासको विस्तृत क्षति आकलनको सहजीकरणका लागि स्थानीय जनप्रतिनिधि तथा प्रमुख जिल्ला अधिकारीलाई विशेषरूपमा ध्यानाकर्षण गराइएको छ ।

# विपद्बारे निःशुल्क मोबाइल 'रिङ ब्याकटोन' बजाउन अनुमति

**काठमाडौं (प्रस)–** नेपाल दूरसञ्चार प्राधिकरणले विपद्, महामारी वा राष्ट्रिय सुरक्षासँग सम्बन्धित पूर्वसूचनासम्बन्धी सूचना टेलिकम सेवा प्रदायक कम्पनीलाई निःशुल्क मोबाइल रिङ ब्याकटोन (सिआरबिटी) बजाउन अनुमति दिने भएको छ ।

राष्ट्रिय दिवसहरू (संविधान दिवस, प्रजातन्त्र दिवस, गणतन्त्र दिवसलगायत) वा नेपाल सरकार मन्त्रिपरिषद्बाट राष्ट्रिय दिवस वा राष्ट्रियस्तरमा मनाउने भनी निर्णय भएका विषयसम्बन्धी सामग्री वा विपद्, महामारी वा राष्ट्रिय सुरक्षासँग सम्बन्धित पूर्वसूचना वा जानकारीमूलक सामग्रीसहित सन्देशहरू सम्बन्धित निकायबाट सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा अनुरोध भई आएमा निःशुल्क मोबाइल रिङ ब्याकटोन (सिआरबिटी) बजाउन अनुमति दिन सक्ने सञ्चार, सूचना तथा प्रविधि मन्त्रालयले जनाएको छ ।

'कुनै सरकारी निकाय, सार्वजनिक संस्था वा सामाजिक संस्थाको स्थापना दिवस, विशेष दिवस वा ती निकायसँग सम्बन्धित जानकारीमूलक सूचना, धुन नेपाल दूरसञ्चार प्राधिकरणले टेलिकम सेवा प्रदायक कम्पनीलाई सःशुल्क (सिआरबिटी) बजाउन अनुमति दिनसक्ने र सिआरबिटीको शुल्क निर्धारण नेपाल दूरसञ्चार प्राधिकरणबाट हुने छ,' मन्त्रालयद्वारा जारी सूचनामा उल्लेख छ ।

मन्त्रालयले सन्देश वा धुन वा कुनै धर्म, जातजाति, भौगोलिक क्षेत्र वा समुदायको चाडपर्व, मेला वा विशेष अवसरसँग सम्बन्धित सन्देश वा शुभकामना वा सो सम्बन्धी धुन नेपाल दूरसञ्चार प्राधिकरणले टेलिकम सेवा प्रदायक कम्पनीलाई सःशुल्क सिआरबिटी बजाउन अनुमति दिनसक्ने र सिआरबिटीको शुल्क निर्धारण नेपाल दूरसञ्चार प्राधिकरणबाट हुने भएको छ ।



## वर्ल्ड भिजन बहुउद्देश्यीय सहकारी संस्था लि.

ललितपुर १५, सातदोबाटो फोन नंः ०१– ५४५०३९८, ५४३८५९८ इमेलः wrldvision398@gmail.com

**भाखानाघेका ऋणीहरुमा ३५ दिनभित्र कर्जा चुक्ता गर्न आउने बारेको अत्यन्त जरुरी सार्वजनिक सूचना**

प्रथमपटक प्रकाशित मितिः २०८२/०२/२६

तपसिलमा उल्लेखित तपाई ऋणीले यस वर्ल्ड भिजन बहुउद्देश्यीय सहकारी संस्था लि. बाट कर्जा लिई संस्थालाई तिर्नुपर्ने सावाँ तथा व्याज रकम तपाईहरूले तोकिएको म्यादभित्र भुक्तानी नगरेको र पटक पटक मौखिक तथा लिखित रूपमा भुक्तानी गर्न अनुरोध/तरताकेता गर्दा पनि कर्जा चुक्ता/भुक्तानी नगरी कर्जा प्रवाह गर्दा यस संस्थासंग गरेको शर्त कवुलियतको उल्लघन गरेकोले कर्जाको भाका नाघेको साँवा तथा व्याज रकम संस्थाको कार्यालयमा सम्पर्क राखी अविलम्ब चुक्ता/भुक्तानी गर्नुहुन जानकारीका लागि यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र यस संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण साँवा तथा व्याज रकम संस्थाको कार्यालयमा आई बुझाउन अनुरोध गरिन्छ । उक्त अबधिभित्र संस्थामा आई संस्थाबाट लिएको सावाँ, व्याज तथा अन्य दैदस्तुर चुता भुक्तानी नगरेमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७४, सस्थाको बिनियम तथा ऋण निती र प्रचलित कानुन बमोजिम कारबाही गरी संस्थाले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै सहकारी ऐन दफा ४० बमोजिम ऋणी तथा जमानी कर्ताकोनाम समेत कालो सूचीमा समावेश गर्न सम्बन्धित कार्यालयमा सिफारीस गरी पठाईने ब्यहोरा सम्बन्धित ऋणी, जमानीकर्ता तथा हकवाला सबैलाई यो सूचना मार्फत जानकारी गराइन्छ ।

| १. ऋणीको व्यक्तिगत विवरण | ऋणीको फोटो | २. धन जमानीको व्यक्तिगत विवरण | जमानीको फोटो |
|---|---|---|---|
| नामः- **सुवास गौतम**<br>बाबुको नामः- विष्णु प्रसाद गौतम<br>बाजेको नामः- हरिप्रसाद गौतम<br>स्थाई ठेगानाः- बागमती - ५, ललितपुर<br>अस्थाई ठेगानाः- सुनाकोठी, ललितपुर<br>ना.प्र.नः २८-०१-०७०-०४३७३ |  | नामः- **विश्वराम तिमल्सिना**<br>बाबुको नामः- शिव प्रसाद तिमल्सिना<br>बाजेकोनामः- पेचनाथ तिमल्सिना<br>स्थाई ठेगानाः- बुखेल - ९, ललितपुर<br>अस्थाई ठेगानाः- सुनाकोठी, ललितपुर<br>ना.प्र.नः २८३०४०/२६ |  |
| नामः- **बलराम घिमिरे**<br>बाबुको नामः- हरिप्रसाद घिमिरे<br>बाजेको नामः- पिताम्बर घिमिरे<br>स्थाई ठेगानाः- महाँकाल - ५, ललितपुर<br>अस्थाई ठेगानाः- ललितपुर - २९, हरिसिद्धि<br>ना.प्र.न : ५११३३ |  | नामः- **रविन्द्र घिमिरे**<br>बाबुको नामः- बलराम घिमिरे<br>बाजेको नामः- हरिप्रसाद घिमिरे<br>स्थाई ठेगानाः- महाँकाल - ५, ललितपुर<br>अस्थाई ठेगानाः- ललितपुर - २९, हरिसिद्धि<br>ना.प्र.न : २८-०२-०७४-१७७३ |  |
| नामः- **चोमराज गौतम**<br>बाबुको नामः- खइन्दु राज गौतम<br>बाजेको नामः- अग्नी प्रसाद गौतम<br>स्थायी ठेगानाः- सुन्धारा - ८, तनहुँ<br>अस्थायी ठेगानाः- ललितपुर २२, चुनिखेल<br>ना.प्र.नः- २००० |  | नामः- **कमलराज गौतम**<br>बाबुको नामः- चोमराज गौतम<br>बाजेकोनामः- खइन्दु राज गौतम<br>स्थायी ठेगानाः- चन्द्रनिगापुर - ८, रौतहट<br>अस्थायी ठेगानाः- ललितपुर २२, चुनिखेल<br>ना.प्र.न :- ३२-०२-७८-०३८२८ |  |
| नामः **राम प्रसाद बगजााई**<br>बाबुको नामः- ओल प्रसाद बजगाँई<br>बाजेको नामः- श्याम लाल बजगाँई<br>स्थायी ठेगानाः- महाँकाल - २ मानिखेल<br>ना.प्र.नः- २६३६/०४०/४१ | | नामः **शम्भु प्रसाद संजेल**<br>बाबुको नामः- धनप्रसाद संजेल<br>बाजेको नामः- लिलानाथ संजेल<br>स्थायी ठेगानाः- मानिखेल - १, ललितपुर<br>ना.प्र.न :- ५८५४४ |  |
| नामः **पार्वती बन्जारा**<br>बाबुको नामः- नेत्र प्रसाद घिमिरे<br>बाजेको नामः- रोम प्रसाद घिमिरे<br>स्थायी ठेगाना :- इकुडोल - ७ ललितपुर<br>अस्थायी :- गोदावरी -१०, चापागाँउ<br>ना.प्र.नः- ४६९६७ |  | नामः **लिलामाई घिमिरे**<br>बाबुको नामः- चन्द्रमुनी तिमल्सिना<br>ससुराको नामः- रोम प्रसाद घिमिरे<br>स्थायी ठेगाना :- बुखेल - १, ललितपुर<br>अस्थायी :- गोदावरी -१०, चापागाँउ<br>ना.प्र.नः- १७४९ |  |
| नामः **तरीबाबु महर्जन**<br>बाबुको नामः- मंगलदास महर्जन<br>बाजेकोनामः- हर्षदास महर्जन<br>स्थायी ठेगानाः- सतुंगल - ७ काठमाडौं<br>ना.प्र.नः- १४२१३/९६९ |  | नामः **प्रदिप महर्जन**<br>बाबुको नामः- प्रेममहर्जन<br>बाजेको नामः- सुकमान महर्जन<br>स्थायी ठेगानाः- सतुंगल - ७, काठमाडौं<br>ना.प्र.न :- १२१६४ |  |
| नामः **लिलाधर घिमिरे**<br>बाबुको नामः- मोहनाथ घिमिरे<br>बाजेकोनामः- लोकनाथ घिमिरे<br>स्थायी ठेगानाः- इकुडोल - ८ ललितपुर<br>अस्थायीः- ललितपुर - १७ बाफल<br>ना.प्र.न :- ७९०६७ |  | नामः **निता ढकाल**<br>बाबुको नामः- खेमनाथ ढकाल<br>बाजेको नामः- बचसपति ढकाल<br>स्थायी ठेगानाः- फिदिम - पाँचथर<br>अस्थायीः- ललितपुर - १७ बाफल<br>ना.प्र.नः ७९०६७/८३३६१ |  |
| नामः **रमा कुमारी लामा**<br>बाबुको नामः- जगत बहादुर लामा<br>बाजेकोनामः- सुके बहादुर लामा<br>स्थायी ठेगानाः- हेटौडा-२, मकवानपुर<br>अस्थाई ठेगानाः- महालक्ष्मी-१७, इमाडोल<br>ना.प्र.न :१७७४ |  | नामः **प्रेमा कुमारी लामा**<br>बाबुको नामः- पदमध्वज लामा<br>बाजेकोनामः- सुके बहादुर लामा<br>स्थायी ठेगानाः- गोदावरी - १०, ललितपुर<br>अस्थाई ठेगानाः- महालक्ष्मी - १७, इमाडोल<br>ना.प्र.नः- ४७३१६ |  |
| नामः- **जीवन कुमार घिमिरे**<br>बाबुको नामः- पुण्य प्रसाद घिमिरे<br>बाजेको नामः- मुक्तिनाथ घिमिरे<br>स्थाई ठेगानाः- गोदावरी - १३, ललितपुर<br>अस्थाई ठेगानाः- ललितपुर - २१, खोकना<br>ना.प्र.नः ६५६४० |  | नामः- **मैया घिमिरे**<br>बाबुको नामः- लिलानाथ तिमल्सिना<br>बाजेको नामः- प्रतिमान तिमल्सिना<br>स्थाई ठेगानाः- झरूवारासी - ९, ललितपुर<br>अस्थाई ठेगानाः- ललितपुर - २१, खोकना<br>ना.प्र.नः- ९९४७ | |



**प्रमाणपत्र हराएको सूचना**

मिति २०७४/१२/२२ गते चावहिलदेखि सामाखुसी सम्म जाँदा मेरो निम्न व्यहोरा भएको प्रमाण पत्रहरू साथै सक्कली माइग्रेशन सर्टिफिकेट हराएको हँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

नाम : Pusp Raj Ojha
रजिस्ट्रेसन.नं.: 637110063
सिम्बोल नं.: 612106
ठेगानाः Chabahil, Kathmandu, Nepal
सम्पर्कः 9848529611



**प्रमाणपत्र हराएको सूचना**

मिति २०८१/०१/१७ गते कलंकीदेखि त्रिपुरेश्वरसम्म जाँदा मेरो निम्न व्यहोरा भएको प्रमाण पत्रहरू साथै सक्कली माइग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

नाम : Kusum Gurung
रजिस्ट्रेसन.नं.: 783270840020
सिम्बोल नं.: 22718423
कलेज नाम.: Siddhartha Academy Secondary School
ठेगानाः Kalanki-14,Kathmandu,Nepal
सम्पर्कः 9828213193



प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**जिल्ला अस्पताल पाँचथर**
कोशी प्रदेश, नेपाल

**क्याटलक सपिङ विधिबाट औजार उपकरण खरिद सम्बन्धी सूचना**

**प्रथम पटक सुचना प्रकाशित मिति २०८२/०२/२६**

जिल्ला अस्पताल पाँचथरका लागि आवश्यक पर्ने Blood Culture Machine & Immunoassay Analyzer Machine ( Biochemistry) १/१ (थान) सार्वजनिक खरीद ऐन २०६३ ( पहिलो संसोधन २०७३) को दफा ८ को उपदफा १ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ (चौथो संसोधन २०७३) को नियम ३१(ख) बमोजिम मेसिन उत्पादक कम्पनी वा सोको आधिकारीक बिक्रेताहरु बिचमा मात्र प्रतिष्पर्धा गराउने बिधि क्याटलग (सपिङ्ग) बाट खरिद गर्ने निर्णय भएकाले इच्छुक इजाजत प्राप्त उत्पादक कम्पनी वा त्यसको आधिकारीक बिक्रेताहरुले आ–आफ्नो फर्म दर्ताको प्रमाणपत्र, एजेन्सी दर्ता प्रमाणपत्र, आधिकारीक बिक्रेताको प्रमाणपत्र, र आ.ब. २०८०/०८१ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपीहरु समाबेश ब्रोसर तथा सुविधाहरु सहित सार्बजनिक खरिद नियमावली २०६४ को नियम ३१ ख (१) अनुसार निम्न स्पेसीफिकेशन बमोजिमको मेसिनको आधिकारीक स्पेसिफिकेसन, मुल्य र सुबिधा सहितको गुणस्तर बिबरण ( क्याटलग वा ब्रोसर) संलग्न राखी यो सुचना प्रकाशित मितिले ७ (सात) दिन भित्र यस कार्यालय समय भित्र निवेदन दर्ता गर्नुहुन यो सुचना प्रकाशित गरीएको छ । बिस्तृत बिबरण तथा पुर्ण स्पेसिफिकेशनको लागि यस अस्पतालमा वा ९८५१०७८६९५ सम्पर्क राख्न सकिनेछ ।

| S. N | Types of Equipment/ Machine | General Specification | No. of Quantity | Remarks |
|---|---|---|---|---|
| 1. | Fully Automated Blood Culture System | Capable of Bacteria., Growth in Blood & Other body fluids. Minimun 100 sample Position. Continuous monitoring & random access , Sensitive fluorescent technology& Colorimetry principle. Visual indicat. | 1( One) | |
| 2. | Fully Automated Chemiluminescence Analyzer ( CLIA) | System shall be Electro Chemiluminescence, First result come at least 20 min & throughput of minimum 180 tests/hr, Should have RFID recogniation system & automatic sample dilution. System shall have LIS facilities & 200 test parameter available. , Complete computer Set. Must sumit ISO13485:2003/AC2007 & CE (93/42 EEC Directives) & USFDA Approved. | 1( One) | |



**बकैया गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**हात्तीसुडे, मकवानपुर,बागमती प्रदेश, नेपाल**

**बकैया गाउँपालिका अन्तरगत बकैया कृषि औद्योगिक ग्राम (साइलेज तथा दाना उद्योग) बाट उत्पादित साइलेज बिक्री गर्ने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८२/०२/२६**

यस बकैया गाउँपालिका अन्तरगतको बकैया कृषि औद्योगिक ग्राममा उत्पादित साइलेज बकैया गाउँपलिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुबाट आफ्नो फर्मको नविकरण भएको प्रमाणपत्र, मुल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र सहित रितपूर्वको बोलपत्र आव्हान गरिन्छ ।

साइलेज मौज्दात राखिएको स्थान : **बकैया कृषि औद्योगिक ग्राम (साइलेज तथा दाना उद्योग), बकैया -७, हात्तीखोला**

**तपसिल**

| सि. नं. | सूचना नं./नं. बोलपत्र | बोलपत्रको नाम | जम्मा बिक्री गरिने परिणाम (के.जि.) | न्यूनतम बोलपत्र रकम ( मू. अ. कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर रकम | बोलपत्र दाखिला गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|
| 1. | BRM/ NCBR/01/2081-082 | Sales of Silage | २,००,०००/- | २८,००,०००/- | कबोल रकमको ५% | रु. ३०००/- | २०८२/०३/२५ |

**नोटः** ठेक्का सम्बन्धी सम्पूर्ण शर्तहरु बकैया गाउँपालिकाको बेवसाइट www.bakaiyamun.gov.np मा उपलब्ध छ साथै www.bolpatra.gov.np/egp मार्फत पनि हेर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### जिम्मेवार कांग्रेसको झुर 'पर्फमेन्स'

नेपाली कांग्रेस प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल हो । कांग्रेसले आफूलाई लोकतान्त्रिक दलको रूपमा आफूलाई उभ्याउँदै आएको छ । यसो त कांग्रेसले अरु दललाई पारदर्शीता, सुशासनको पाठ पनि पढाउने गर्छ । तर कांग्रेस आफैं भने यस्ता नैतिक शिक्षा कार्यान्वयन गर्न इच्छुक देखिँदैन । इँट्टाभट्टामा जिउँदै मानिसलाई जलाएको अभियोगमा जेल परेका व्यक्ति छुटाउन कांग्रेस सभापति शेरबहादुर देउवा आफैं लागिपर्छन् । अभियुक्त छुट्दा ठिकै भयो भनी अभिव्यक्ति दिन्छन् ।

यतिमात्र हैन अहिले कांग्रेसले एमालेसँग सत्ता सहकार्य गरिरहेको छ । आफ्नो दलको तर्फबाट अर्थमन्त्री हुँदा खुद्रे योजनामा पैसा हाल्न नहुने र ऋण पर्ने गरी काम गर्नै नहुने अडान लिने कांग्रेसले आफ्नै दलको भवन बनाउन भने सरकारी ढुकुटीबाट पैसा खन्याउने भएको छ ।

यी विषय जब आफ्नै भ्रातृ संगठनले विज्ञप्तिमार्फत बाहिर ल्यायो तब सर्वसाधारणले थाहा पाए । पाप धुरीबाट कराउँछ भनेझैं कांग्रेसको युवा संगठन तरुण दलले आफूले पाएको बजेट लुकाइराख्न सकेन । तरुण दलका अध्यक्ष विद्धान गुरुङले विज्ञप्ति नै निकालेर देउवा र सहरी विकासमन्त्री प्रकाशमान सिंहलाई धन्यवाद दिएपछि कांग्रेसले दलको लागि सरकारी ढुकुटी चलाएको विषय छताछुल्ल भयो ।

कांग्रेसले यतिमै चित्त बुझाएको हैन रहेछ भन्ने कुरा दोलखा कांग्रेसका लागि बागमती प्रदेश सरकारले पारेको ठेक्काबाट प्रस्टियो । दोलखामा प्रदेशसभा सदस्य जितेका केन्द्रीय सदस्य कुन्दनराज काफ्ले अहिले बागमती सरकारका अर्थमन्त्री छन् । उनले बागमती सरकारको चाबी आफ्नो हातमा भएको मौका पारी आफ्नो जिल्लाको पार्टी कार्यालयका लागि चार करोड रूपैयाँ बजेट विनियोजन गरिदिए । यतिमात्र हैन यो भवन शिलान्यास गर्न आफ्नै गुटका नेता कृष्णप्रसाद सिटौलालाई दोलखा उतारे ।

सुशासन, पारदर्शीता र लोकतन्त्रको पाठ सिकाउने कांग्रेस आफैं भने दिनानुदिन सरकारी ढुकुटी रित्याउने र नैतिकरूपमा कमजोर बन्दै गएको छ । भिजिट भिसामा सेटिङ गरी वैदेशिक रोजगारीमा जानेहरूबाट लाखौं असुली गर्ने अध्यागमनका कर्मचारीको विषयमा अहिलेका गृहमन्त्री रमेश लेखकमाथि पनि प्रश्न उठेको छ । यही कारण केही दिनयता सदन अवरुद्ध छ । गृहमन्त्री लेखक कांग्रेस नेता हुन् । विपक्षीले गृहमन्त्रीको राजीनामा माग्दा कांग्रेसले यसलाई अनावश्यक ठान्दै आएको छ । जिम्मेवार दल कांग्रेसले झुर पर्फमेन्स गर्दै यसरी नै अघि बढ्दै जाने हो या जनताप्रति उत्तरदायी बन्दै जाने हो ?

## श्रम सरोकार

### निर्माण क्षेत्रमा काम गर्दा अपनाउनुपर्ने सावधानी

वैदेशिक रोजगारीमा गएका धेरै नेपालीहरू निर्माण क्षेत्रमा कार्यरत छन् । निर्माण क्षेत्रमा काम गर्दा विशेष सतर्कता अपनाउनुपर्ने हुन्छ । किनभने हरेक क्षण जोखिममा काम गर्नुपर्छ । निर्माण क्षेत्रमा काम गर्ने कामदारहरूले सुरक्षा सावधानीका आवश्यक सबै नियमहरूको पूर्ण पालना गर्नुपर्दछ, जसमा न्यूनतम् यी कुराहरू पर्दछन्:

- हातमा पञ्जा वा कामको प्रकृति सुहाउँदो, टाउकोमा हेलमेट खुट्टामा सेफ्टी सुज (स्टिल टो भएको जुत्ता), पूरै शरीर ढाकिने युनिफर्म, आँखामा सेफ्टी ग्लास (चस्मा), मुखमा मास्क (धूलो हुनेमा अनिवार्य), कानमा इयर प्लग (ठूलो आवाज हुनेमा अनिवार्य) सामान्यतया प्रयोग गरिने न्यूनतम उपकरणहरू हुन् । यिनका अतिरिक्त स्काफोल्डिङ प्रयोग गरिने उचाई या गहिराइका काममा डोरीसहितको विशेष सेफ्टी ज्याकेट र बेल्ट, स्याण्ड ब्लास्टिङ गर्दा ब्लास्टिङका विशेष उपकरण जस्तै विशेष काममा विशेष (अतिरिक्त सुरक्षा) उपकरणहरू प्रयोग गर्ने ।
- काम गर्ने ठाउँमा आगो नियन्त्रणका लागि एकजना रेखदेख गर्ने व्यक्ति र सुरक्षा सावधानी हेर्ने छुट्टै सेफ्टी सुपरभाइजर पनि अनिवार्य रहनुपर्ने नियम नै हुन्छ, उक्त नियमको पालना गर्ने ।
- कम्पनीको काम व्यक्तिगत काम जस्तो आफूखुसी गर्नु हुँदैन, ठूला कम्पनीहरूका प्रायः काममा हरेक दिन काम सुरू गर्नुअघि अनुमति लिनुपर्ने सिस्टम हुन्छ, यस्तो पर्मिट दिनुअघि काम गर्ने स्थल सुरक्षित छ छैन जाँच गर्नुपर्छ ।
- काममा प्रयोग हुने सबै उपकरणहरू दुरूस्त हुनुपर्दछ, जाँचेर सुरक्षित भएको ट्याग नै लगाइएको हुनुपर्दछ । साथै गाडी चालक तथा अपरेटरहरू पनि लाइसेन्स होल्डरहरू हुनुपर्दछ ।
- आफूले नजानेको, नबुझेको या नसक्ने काम गर्नुहुँदैन, पहिले सिकेर दक्ष र सक्षम बन्नुपर्दछ ।
- शारीरिक र मानसिकरूपमा अस्वस्थ रहेको बेला काम गर्नु हुँदैन, आराम गरी पहिला स्वस्थ बन्नुपर्दछ ।
- ठूलो हावाहुरी चल्दा, पानी पर्दा या अरू कुनै प्रदूषण फैलिएको असामान्य र असुरक्षित अवस्थामा काम गर्नु हुँदैन ।
- काम गर्दा अचानक कुनै दुर्घटना हुन गए, कुनै हानि नोक्सानी हुन गए या अप्रत्यासितरूपमा प्रतिकूल अवस्था सिर्जना भए तुरून्त आफूभन्दा सिनियरलाई खबर गरी समाधान खोज्नुपर्दछ । कुनै शंका लागे सोध्नुपर्छ । अन्दाजमा कुनै काम गर्नु हुँदैन ।

# सगरमाथा आरोहणमा जेनन ग्यासको पहिलो प्रयोग र विवाद



■ राजु सिलवाल

> जेनन ग्यासको प्रयोग भएको समाचार सार्वजनिक भएपछि यसबारे छानबिन हुनुपर्ने सम्बन्धित व्यवसायीहरूले माग गरेका छन् । लामो समयदेखि आरोहणमा संलग्न हुँदै आएका आरोहीहरूले समेत यसबारे अनभिज्ञता प्रकट गरेका छन् । यसपालि ३१औँ पटक सगरमाथाको शिखरमा पुगेका विश्वविख्यात् आरोही कामिरिता शेर्पाले जेनन ग्यासको प्रयोगबारे आफूले पहिलोपटक सुनेको कुरा बताएका छन् ।

यस पटकको वसन्त ऋतुमा हिमाल आरोहण गर्ने याम सम्पन्न भई आरोहण टोलीहरू आधार शिविरबाट फर्के पनि आरोहणको चर्चा अझै सेलाएको छैन । हिमाल चढ्ने क्रममा विभिन्न साहसी पर्वतारोहीले स्थापित गरेका नौला कीर्तिमानले विश्वलाई नै चकित बनाएको थियो । त्यससँगै सहज तथा छिटो हिमाल आरोहणका लागि पहिलोपटक प्रयोग गरिएको भेटिएको जेनन ग्यासको सन्दर्भ पनि कम महत्त्वपूर्ण रहेन । अब नेपाल सरकारले नै यसबारे टुंगो लगाउने भएको छ ।

## के हो जेनन ग्यासको सन्दर्भ ?

विभिन्न अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी खेलाडीले कुनै शक्तिवर्द्धक प्रतिबन्धित औषधिको प्रयोग गरेको छ कि छैन भनी गरिने जाँच 'डोपिङ परीक्षण' कुनै नौलो होइन । पिसाब, रगत, पसिना आदिको नमूना परीक्षण गरी यस्तो जाँच गर्ने गरिएको छ । कयौं खेलाडीले जितिसकेको पदक पनि डोपिङ परीक्षणपछि खोसिएको उदाहरण छन् । सन् २००६ मा श्रीलंकामा आयोजित दक्षिण एसियाली खेलकुदमा नेपालले जितिसकेको दुईवटा स्वर्ण पदक डोपिङ परीक्षणमा खेलाडी असफल भएपछि खोसिएको थियो । यसैकारण नेपाली खेलाडीहरू लामो समय प्रतिबन्धमासमेत परेका थिए । नेपालको हिमालमा पनि पहिलोपटक यस्तै प्रयोग भएपछि विवादित भएको छ । बेलायतका चारजना पूर्वसैनिकको टोलीले हिमाल आरोहणका बेलामा त्यहाँको वातावरणसँग अभ्यस्त हुन उचाइमा गएर तल झर्दै गरिने अभ्यासै नगरी पाँच दिनमै सगरमाथाको सफल आरोहण गरेर फर्केपछि विवाद चुलिएको हो । आरोहीहरूलाई हिमालमा सहज हुन सहयोग गर्ने जेनन ग्यास उक्त आरोहण टोलीका सदस्यहरूले प्रयोग गरेका थिए । जेनन ग्यासले हिमाल आरोहणका क्रममा पर्वतारोहीहरूलाई बढी उचाइमा अभ्यस्त हुन र कम अक्सिजनको प्रभावलाई घटाउन सहयोग गर्दछ । यसको प्रयोगले बढी उचाइमा हुने गरेको दुखाइलाई कम गर्न पनि सहयोग गर्ने गर्दछ ।

जेनन ग्यासको प्रयोग भएको समाचार सार्वजनिक भएपछि यसबारे छानबिन हुनुपर्ने सम्बन्धित व्यवसायीहरूले माग गरेका छन् । लामो समयदेखि आरोहणमा संलग्न हुँदै आएका आरोहीहरूले समेत यसबारे अनभिज्ञता प्रकट गरेका छन् । यसपालि ३१औं पटक सगरमाथाको शिखरमा पुगेका विश्वविख्यात् आरोही कामिरिता शेर्पाले जेनन ग्यासको प्रयोगबारे आफूले पहिलोपटक सुनेको कुरा बताएका छन् । यसैपटक १७औं पटक सगरमाथाको शिखरमा पुग्न सफल आरोही फुर्वातेञ्जिङ शेर्पाले पनि जेनन ग्यास कस्तो हुन्छ आफूले अहिलेसम्म नदेखेको तथा यसको प्रयोग कसरी गरिन्छ थाहा नभएको जानकारी दिए ।

सगरमाथामा आरोहीले जेनन ग्यासको प्रयोग गरेको सम्बन्धमा नेपाल सरकारले पनि चासो देखाएको छ । सगरमाथामा सन् १९५३ देखि आरोहीहरूले लगातार सफलता पाउँदै आएको भएता पनि पहिलोपटक जेनन ग्यासको प्रयोग गरिएको जानकारी पाएपछि पर्यटन मन्त्रालयले यसबारे छानबिन गर्ने भएको हो । मन्त्रालयका अधिकारीले पर्वतारोहणसँग सम्बन्धित नेपाल पर्वतारोहण संघ, नेपाल माउण्टेन एकेडेमी, सगरमाथा आरोही संघजस्ता संघसंस्थाका पदाधिकारीहरूसँग छलफल गरी जेनन ग्यासको प्रयोग मान्य हो कि होइन भनी नीतिगत निर्णय गर्ने पर्यटन विभागले जनाएको छ ।

## यसपालि कतिले सगरमाथा चढे ?

वसन्त ऋतुमा विभिन्न मुलुकका ७२२ जनाले विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गरेको पर्यटन विभागले जनाएको छ । यसरी सफल आरोहण गर्नेहरूमा विभिन्न आरोहण टोलीका २८१ जना सदस्यहरू, ४३४ जना पथप्रदर्शकहरूका साथै सातजना सहयोगी शेर्पा रहेका छन् । **दुःखद् निधनः** यसपटक विभिन्न हिमालमा आरोहण गर्दा सात जनाको दुःखद निधन भएको थियो । यसैगरी, दुईजना हराइरहेका छन् । हिमालमा निधन भएकाहरूको शव सम्बन्धित मुलुकका अधिकारीहरूलाई हस्तान्तरण गर्ने कार्य भएको छ ।

नेपाल आएका आरोहीहरूः वसन्त ऋतुमा नेपालका विभिन्न २७ वटा हिमाल आरोहणका लागि ७३ वटा मुलुकका आरोहीहरू नेपाल आएका थिए । ती मुलुकका १२७ वटा आरोहण टोलीका एक हजार १६८ जनाले नेपाल सरकारबाट आरोहण अनुमति पाएका थिए । त्यसमध्ये ६७८ जना पुरुष तथा १९१ जना महिलाहरू थिए । आरोहण अनुमति पाएकाहरूमा सबैभन्दा बढी अमेरिकीहरू थिए । त्यसपछि चीन र भारतका आरोहीहरूको संख्या धेरै थियो ।

सगरमाथा चढ्न अनुमति पाएकाहरूः प्रत्येक वर्षको वसन्त ऋतुमा सगरमाथामा आरोहणका लागि चाप हुँदै आइरहेको छ । यसपटक विभिन्न ५७ देशका आरोहीहरू सगरमाथा आरोहणका लागि नेपालमा भेला भएका थिए । ४७ वटा आरोहण टोलीमा ४६८ ले सगरमाथा आरोहणको अनुमति पाएका थिए । यसमध्ये सबैभन्दा बढी अनुमति पाउनेहरूमा अमेरिकी थिए । त्यसपछि चीन र भारतका आरोहीहरूको संख्या बढी थियो ।

## कति राजस्व संकलन भयो ?

नेपालमा रहेका विभिन्न २७ वटा हिमालमा आरोहणका लागि विभिन्न मुलुकका पर्वतारोहण टोलीलाई आरोहण अनुमतिपत्र दिएबापत नेपाल सरकारले ७९ करोड ४७ लाख रूपैयाँ राजस्व संकलन गरेको थियो । त्यसमध्ये सबैभन्दा बढी सगरमाथाबाट ६९ करोड १२ लाख रूपैयाँ संकलन गरिएको थियो । आरोहण अनुमति दिइएका हिमालहरूमा सबैभन्दा कम एकजना पुरुष आरोहीले मात्र सार्फू चौथो हिमाल आरोहणका लागि अनुमति पाएका थिए ।

**नयाँ हिमाल आरोहणका लागि खुल्लाः** नेपाल सरकारले विभिन्न ५७ वटा थप हिमाल आरोहणका लागि खुल्ला गरेको थियो । ती हिमालहरू पाँचदेखि छ हजार मिटर उचाइका रहेका छन् । खुल्ला गरिएका हिमालहरू हुम्ला, डोल्पा, मुस्ताङ, दोलखा, रसुवा, सोलुखुम्बु, मुगु, गोरखा र ताप्लेजुङ जिल्लामा रहेका छन् ।

**सबैभन्दा धेरैपटक सगरमाथामाः** विश्वविख्यात् आरोही कामिरिता शेर्पा केवल राष्ट्रिय आरोहीमात्र नभएर सगरमाथाको विश्वव्यापी प्रतीकका रूपमासमेत स्थापित भइसकेका छन् । इतिहासमै सबैभन्दा धेरै पटक सगरमाथामा सफल आरोहण गर्न सफल आरोही कामिरिता यसपालि जेठ १३ गते बिहान ४ बजे सगरमाथाको शिखरमा ३१औं पटक पुगेका थिए । उनले विगत केही वर्षदेखि प्रत्येक वर्षजसो सगरमाथामा सबैभन्दा धेरै पटक आरोहण गर्ने आरोहीको विश्वकीर्तिमान कायम गर्दै आइरहेका छन् । उनले यसअघि आठ हजार मिटरभन्दा अग्लो हिमालहरू ४५ पटक आरोहण गरिसकेका छन् । भारतीय आर्मी एडभेञ्चर विङ एभरेस्ट एक्सपिडिसनको सरदारका रूपमा यसपटक सगरमाथा गएका शेर्पाले आफूमात्र शिखरमा नपुगेर टोलीका विभिन्न सदस्यहरूलाई आरोहण गर्ने कार्यको नेतृत्व गरेका थिए ।

कीर्तिमानी आरोही कामिरिताका अनुसार यसपालिको वसन्त ऋतुमा हिमाल चढ्न सजिलो मौसम थिएन । अप्रत्यासित मौसमका कारण तेज हावा चल्नाका साथै भारी हिउँ पर्नाका साथै कडा चिसो थियो । उनले धैर्य, तयारी र आफ्नो शेर्पा टोलीको बलले ठूलो समूहलाई शिखरमा सुरक्षितरूपमा जान र फिर्ता हुन मार्गनिर्देशन गरेको जानकारी दिए । धैर्य, विश्वास र सामूहिक कार्यले असम्भवलाई पनि सम्भव बनाउने कीर्तिमानधारी शेर्पाको विश्वास रहेको छ ।

**पासाङदावा पनि पछिपछिः** यस वर्ष दुईपटक सगरमाथा चढ्न सफल पासाङदावा शेर्पाले सगरमाथामा २९औं सफलता प्राप्त गरेर कीर्तिमानी कामिरिता शेर्पालाई पछ्याइरहेका छन् । उनले पहिलोपटक सन् १९९८ मा सगरमाथा चढेका थिए । यस क्रममा शेर्पाले विभिन्न समयमा एकै वर्ष दुईपटकसमेत सगरमाथाको शिखर चुम्न सफल भएका थिए । विभिन्न हिमालमा आरोहण अनुभव बटुलिसकेका उनले आमादब्लम हिमाल ४० पटक चढिसकेका छन् ।

**मिर्गौला प्रत्यारोपण गरेका पहिलो आरोहीः** सगरमाथाको इतिहासमा पहिलोपटक मिर्गौला प्रत्यारोपण गरेका पेम्बा शेर्पालाई पनि सगरमाथामा सफलता मिलेको छ । सोलुखुम्बुको दूधकोशी गाउँपालिकाका शेर्पा वैदेशिक रोजगारीको सिलसिलामा जापानमा रहेका थिए । बिदामा नेपाल आउने क्रममा उनको मिर्गौलामा समस्या देखिएको थियो । दुईवटै मिर्गौलाले काम नगरेपछि उनलाई प्रत्यारोपणका लागि आफ्नै बाबुले मिर्गौला दान दिएका थिए । मिर्गौला प्रत्यारोपण गरेको २४ महिनापछि शेर्पाले छ हजार १९९ मिटर अग्लो लोबुचे हिमालको सफल आरोहण गरेका थिए । वैदेशिक रोजगारीका सिलसिलामा आर्जन गरेको रकम मिर्गौलाको उपचारमा खर्च गरेका शेर्पाले सगरमाथा आरोहण गरी विश्वकीर्तिमान कायम गर्न व्यक्तिगत खर्चसमेत गर्नु परेको थियो । अंग प्रत्यारोपण गरेका व्यक्तिले अरूसरह सामान्य जीवन बिताउन सक्छन् भन्ने प्रवाह गर्नु नै आफ्नो मुख्य लक्ष्य रहेको उनको धारणा रहेको छ ।

**१५ दिनमा चारपटक सफलताः** सगरमाथा एकै पटक चढ्न पनि ज्यान जोखिममा राख्नुपर्दछ । आरोही तासी ग्याल्जेन शेर्पाले एउटै सिजनमा १५ दिनमा चारपटक सगरमाथा चढेर कीर्तिमान कायम गरेका छन् । उनी यसपालि रोप फिक्सिङ टोलीको सदस्य भई सगरमाथामा गएका थिए भने त्यसपछि केही दिनको फरकमा उनी चारचोटि शिखर पुग्न सफल भएका छन् ।

**पूर्णिमालाई पाँचौं सफलताः** सगरमाथामा पाँचपटक आरोहण गर्न सफल फोटो पत्रकार पूर्णिमा श्रेष्ठले सामाजिक सञ्जालमा लेखेकी छन्, 'अब हाम्रो पालो हो, केवल शिखरमा पुग्ने होइन, त्यो शिखरलाई जोगाउने पनि ।' सन् २०१८ मा पहिलोपटक सगरमाथामा सफलता प्राप्त गरेकी आरोही श्रेष्ठले गत वर्ष दुई हप्ताको समय अवधिमा तीनपटक सगरमाथा चढेर कीर्तिमान कायम गरेकी थिइन् । उनले यो वर्ष सगरमाथामा सफलतालगत्तै अन्नपूर्ण प्रथम हिमाल पहिलोपटक आरोहण गरेका स्वर्गीय मौरिस हर्जोगको परिवारसँग अन्नपूर्ण प्रथम आधार शिविरसम्म पदयात्रा गर्नसमेत भ्याइन् । अन्नपूर्ण हिमालमा पहिलोपटक मानव पाइला पुगेको ७५ वर्ष पुगेको छ । पूर्णिमाले पनि सन् २०२१ मा अन्नपूर्ण प्रथम हिमालसहित आठ हजार मिटरभन्दा अग्ला १४ वटा हिमाल आरोहण गरिसकेका छन् ।

**एकै परिवारको सफलताः** एउटै परिवारसँगै हिमालमा जानु त्यति सजिलो हुँदैन । विश्वको पाँचौं अग्लो हिमाल मकालुमा एकै परिवारका चार दाजुभाइ र एक बहिनीले साथसाथै सफलता पाएका छन् । संखुवासभाको एकै परिवारका आङदावा शेर्पा, मुक्तुलाक्पा शेर्पा, ङिमादोर्जी शेर्पा, पेचुम्बे शेर्पा र बहिनी पासाङयाङ्जी शेर्पाले एकै साथ चढेर पारिवारिक आरोहण अभियान सफलता प्राप्त गरेका छन् ।

सरकारले विगत वर्षहरूजस्तै सगरमाथाको आधार शिविरमा पर्वतारोहण अनुगमन तथा सहजीकरण कार्यालय खोलेर विभिन्न पर्वतारोहण दललाई कार्य सञ्चालनका लागि सहज बनाइदिएको थियो । मौसममा केही खराबी हुनुका साथै तीव्र हावा चलेता पनि यसपालि सुरक्षितरूपमा आरोहण अभियानहरू सञ्चालन भएको तथा दुर्घटनाहरू कम भई मर्यादित तथा विवादरहित ढंगले आरोहण गतिविधि सञ्चालन भएको पर्यटन विभागले जनाएको छ । आगामी दिनमा आधार शिविरको अस्थायी फिल्ड अफिसलाई अझ सुविधासम्पन्न र व्यवस्थित बनाउन सके हजारौं डलर तिरेर आरोहण अनुमति लिएका पर्वतारोहण टोलीहरूलाई अझ सुविधा प्रदान गर्न सकिन्थ्यो । हिमालबाट विश्वभर प्रवाह हुने सकारात्मक समाचारले नेपालको पर्यटन प्रवर्द्धनमा सहयोग पुग्न जाने अपेक्षा गर्न सकिन्छ । *रासस*

# संविधान संशोधनको विषय दलबाट होइन जनताबाट आउनुपर्छ



■ खमबहादुर गर्बुजा

नेपाल खोला र नदीनाला भएको देशका रूपमा चिनिएको छ । हाम्रो देश जलस्रोतमा धनी छ । पानी खेर जान नदिन बिजुली उत्पादन गरी अन्य देशलाई बेच्नुपर्छ भन्ने मेरो मान्यता हो । जलविद्युत्सम्बन्धी काम सरकारले गरिरहेको छ । आफूले नसकेका काम निजी कम्पनीलाई दिएर भए पनि काम गर्ने योजना छ । हामीसँग हाइड्रोसम्बन्धी ठूला-ठूला योजना पूरा गर्न सकियो भने आर्थिक विकासमा सहयोग पुग्छ । अर्कोतर्फ सिँचाइको पनि कुरा छ । मधेसमा भएको सिँचाइको अभावको समस्यालाई समाधान गर्न सरकारले काम थालेको छ । सरकारमा मेरो पहिलो अनुभव हो । ऊर्जा, जलस्रोत र सिँचाइका बारेमा अध्ययन गर्दै छु । यस क्षेत्रका समस्याको पहिचान गरी समाधान गर्न सरकार क्रियाशील छ ।

युवा पलायन नेपालमा मात्रै होइन, अरू देशमा पनि छ । तर, नेपालमा अलि बढी छ । हामीले रोजगारीमा विदेश जाने युवालाई कामअनुसारको तालिम दिन सकियो भने राम्रो हुन्थ्यो । बेरोजगारी समस्या पुरानै हो । तथापि सरकारले युवा पलायन रोक्नका लागि योजना बनाएर काम गर्दै छ । सरकारले युवा पलायन रोक्न नीति तथा कार्यक्रम र आगामी आर्थिक वर्षको बजेटमा केही योजना समावेश गरेको छ । बेरोजगारी अन्त्यका लागि देशमा ठूला-ठूला कलकारखाना खोल्नुपर्छ । त्यसका लागि एकैचोटि गर्छु भनेर हुँदैन । ठूला-ठूला जलविद्युत् आयोजना सञ्चालन गरी केही युवालाई रोजगारी दिन सकिन्छ ।

देशको आर्थिक विकासका लागि मुख्य कृषिमा लगानी गर्नुपर्छ । सरकारले आफूले सकेको लगानी गरेकै छ । सरकारको बजेटले पनि उत्पादनमा जोड दिएको छ । रुग्ण कलकारखाना र उद्योगको संरक्षण र प्रवर्द्धन गर्दै नयाँ सञ्चालन गर्ने योजना छ । तर, देशको आर्थिक विकास पनि एकै चोटि हुने विषय होइन, बिस्तारै हुँदै छ ।

प्रतिनिधिसभाको गतिविधि हामीले सोचेको जस्तो सजिलो हुँदैन । त्यसका आफ्नै नीति नियम र प्रक्रिया छन् । मेरो विचारमा संसद्ले तीव्रताका साथ काम गरेको छ । पहिला म सांसदमात्रै हुँदा जनताका जुनजुन विषय उठाएको थिए, अहिले त्यो कार्यान्वयन गर्ने ठाउँमा छु । ऊर्जा राज्यमन्त्री भएको धेरै भएको छैन । तर पनि जनतासँग जोडिएका समस्यालाई समाधान गर्न पहल गरिरहेको छु ।

तुलनात्मकरूपमा संविधान कार्यान्वयन भएको छ । जस्तो संविधान जारी भएपछि त्यसको मूल मर्मअनुरूप उत्साहका साथ दुईवटा आमनिर्वाचन सम्पन्न भएको छ । संसद्मा ३३ प्रतिशत महिलाको सहभागिता कार्यान्वयन भएको छ । तर, अस्थिर राजनीति र सरकारका कारणले जति कार्यान्वयन हुनुपर्थ्यो त्यो भएन । संघीयतासँग जोडिएका कतिपय ऐन/कानुन समयमा बन्न सकेको छैन । जस्तो निजामती ऐन, शिक्षा ऐन, प्रहरी ऐन ल्याउन ढिलाइ भएको छ । संघीयतासँग जोडिएका र अति आवश्यक अन्य ऐन पनि जतिसक्दो चाँडो ल्याउने पक्षमा सरकार छ । सरकारले सोहीअनुरूप काम गरिरहेको छ ।

प्रतिनिधिसभाले कानुन निर्माणको विषयमा धेरै काम गरेको छ । धेरै कानुन बनाएको छ । तर, अझै जति कानुन निर्माण गर्नुपर्ने हो त्यति हुन सकेको छैन । त्यसमा सरकार अस्थिर हुनुले पनि प्रभाव पारेको छ । संसद्लाई सरकारले बिजनेस दिएकै छ । बन्न बाँकी अत्यन्त महत्त्वपूर्ण कानुन बनाउनुपर्ने छ । त्यसतर्फ पनि सरकारको ध्यान केन्द्रित भएको छ । यस अवसरमा सबै राजनीतिक दलका नेता र सांसदलाई कानुन निर्माणको पक्षमा सक्रियताका साथ लाग्न आग्रह गर्दछु ।

संविधान संशोधनको विषयमा ठूला दल कांग्रेस र नेकपा एमाले, नेकपा माओवादी केन्द्रबाट उठेको छ । जनताबाट पनि यो विषय उठेको छ । संविधानलाई समयअनुसार संशोधन गर्नुपर्छ । त्यो जनताको भावनाअनुसार पक्षमा हुनुपर्छ । संशोधन गरेर देशको अर्थतन्त्रले धान्ने बनाउनुपर्छ । त्यसका लागि जनतासँग पर्याप्त छलफल गर्न जरुरी हुन्छ । संविधान संशोधनको विषय राजनीतिक दलभन्दा जनताबाट आउनुपर्छ । संघीयताको बारेमा संविधान निर्माणकै क्रममा कतिपय गल्ती भएका छन् । सच्याएर जानुपर्छ । जस्तो संघ, प्रदेश र स्थानीय गरी तीन तहको सरकारको अधिकारका बारेमा संविधान सच्याउनुपर्ने मैले देखेको छु ।

*(ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्री एवं प्रतिनिधिसभा सदस्य गर्बुजासँग राससले गरेको कुराकानीमा आधारित)*



**वन लसुनको खोजी** | जाजरकोटको बारेकोट गाउँपालिका–४ कालदाराय डाँडामा वन लसुन खोजीमा स्थानीय बासिन्दा । यहाँका अधिकांश पाटन क्षेत्रमा जडीबुटी पाइने गर्दछ । *तस्बिरः हेमन्त केसी/रासस*

# बाँकेमा भूमिहीनलाई जग्गाधनी प्रमाणपुर्जा

**बाँके (प्रस)**– भूमि समस्या समाधान आयोगले बाँकेमा भूमिहीनहरूलाई धमाधम जग्गाधनी प्रमाणपुर्जा (लालपुर्जा) वितरण गर्न थालेको छ । भूमिहीन दलित तथा भूमिहीन सुकुम्वासी र अन्य अव्यवस्थित बसोवासीलाई छिटोभन्दा छिटो लालपुर्जा वितरण गर्न थालिएको हो ।

भूमि समस्या समाधान आयोग जिल्ला समिति बाँकेका अध्यक्ष घननाथ खनालका अनुसार समितिले हालसम्म कोहलपुर नगरपालिका-१ मा ११७ भूमिहीन दलित तथा भूमिहीन सुकुम्वासीलाई जग्गाधनी प्रमाणपुर्जा वितरण गरिसकेको छ भने सोही वडाका ६८ अव्यवस्थित बसोवासीलाई जग्गाधनी प्रमाणपुर्जा वितरणको तयारी गरेको छ ।

'विवादरहित तरिकाले प्रक्रिया पूरा गरी लालपुर्जा वितरण गर्छौं,' अध्यक्ष खनालले भने । बाँकेको कोहलपुर, बैजनाथ, खजुरा, जानकी, राप्ती सोनारी र नरैनापुर गाउँपालिकामा भूमिसम्बन्धी समस्या समाधानका लागि प्रक्रियागत तवरले काम भइरहेको उनको भनाइ छ । उनले सानातिना विवादमा नअल्भिएर फिल्डमा खटिएका प्राविधिकहरूलाई आवश्यक सहयोग र समन्वय गरिदिन आग्रह गरे ।

आयोगले अव्यवस्थित बसोवासीलाई जग्गाधनी प्रमाणपुर्जा वितरणको तयारी गरेको छ । पहिलो चरणमा कोहलपुर-१ मा बसोवास गर्दै आएका ६८ अव्यवस्थित बसोवासीलाई जग्गा दर्ता गरी प्रमाणपुर्जा वितरण गर्ने निर्णय भएको अध्यक्ष खनालले जानकारी दिए ।


'कोहलपुर-१ का ६८ अव्यवस्थित बसोवासीलाई जग्गा दर्ता गर्ने सातदिने सूचना प्रकाशन गरिसकिएको छ,' उनले भने, 'सात दिनभित्र तोकिएको राजस्व रकम जम्मा गरी परिवारमूली उपस्थित हुन सूचित गरिएको छ ।' सूचनामा तोकिएको प्रक्रिया पूरा गरी आवश्यक कागजातसहित कार्यालयमा आउनासाथ जग्गाधनी प्रमाणपुर्जा वितरण गरिने अध्यक्ष खनालले बताए । आयोगले कोहलपुर-१ का थप ८६४ अव्यवस्थित बसोवासीको दाबी विरोधका लागि सूचना प्रकाशन गरेको छ ।

समितिले राप्ती सोनारी गाउँपालिका-९ मा पनि भूमिहीन दलित, सुकुम्वासी र अन्य अव्यवस्थित बसोवासीलाई निस्सा वितरण कार्य सुरु गरेको छ । वडाध्यक्ष सोहनलाल थारूले वडामा लामो समयसम्म जग्गा नपाएका भूमिहीन सुकुम्वासी नागरिकले निस्सा प्राप्त गरेसँगै अब जग्गाधनी पुर्जा पाउने बाटो खुलेको उल्लेख गर्दै जनतालाई जग्गाधनी प्रमाणपत्र प्राप्तिका लागि आवश्यक कार्य गर्न सहजीकरण गरिरहेको बताए ।

राप्ती सोनारी गाउँपालिका अध्यक्ष तप्त पौडेलले जिल्लाको ५१ प्रतिशत भूमि ओगटेको राप्ती सोनारी गाउँपालिकामा भूमिसम्बन्धी समस्या समाधानका लागि विशेष चासो दिन भूमिसम्बन्धी समस्या समाधान आयोग जिल्ला समितिलाई अनुरोध गरे । 'भूमिहीनलाई लालपुर्जा वितरण गर्ने कार्यलाई प्राथमिकता दिएका छौं,' उनले भने ।

# बुर्तिबाङलाई नयाँ सहर बनाउने कार्य सुस्त गतिमा

■ डम्मर बुढामगर



**ढोरपाटन (बागलुङ)**– राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गमा १० नमूना सहर बनाउने सरकारको आयोजनाअनुसार बागलुङको बुर्तिबाङमा पनि काम भइरहेको छ । बुर्तिबाङलाई नयाँ सहर बनाउन २०६९ सालमा घोषणा गरिएको थियो । आर्थिक वर्ष २०७२/७३ मा सरकारले बजेट विनियोजन नै गरेर काम अगाडि बढाएको थियो । आयोजनाको काम सुरु भएको १२ वर्षसम्म पनि अपेक्षाकृतरूपमा काम हुनसकेको छैन । २०६९ साल अगाडि नै बुर्तिबाङमा बजारको रूपमा स्थापित थियो ।

त्यसलाई थप व्यवस्थित गर्दै जाने भनिए पनि पर्याप्त बजेट नआउँदा र आएको सबै बजेटलाई पूर्णरूपमा कार्यान्वयन गर्न नसक्दा काममा ढिलासुस्ती भएको देखिन्छ । वि.सं. २०६९ देखि २०९० सम्म आयोजनाको काम सम्पन्न गर्ने लक्ष्य थियो । आयोजान सुरु भएदेखि हालसम्म ७८ करोड रूपैयाँभन्दा बढी रकम सरकारले विनियोजन गरेको छ । त्यसमध्ये ५० करोड रूपैयाँमात्र खर्च भएको छ । नयाँ सहर आयोजनाले अझै थुप्रै पूर्वाधारका क्षेत्रमा काम गर्न बाँकी नै छ ।

आयोजनाले हालसम्म १६.३ किलोमिटर सडक ढलान, ६.३ किलोमिटर नाला निर्माण, पाँच किलोमिटर नयाँ सडक ट्र्याक निर्माण, एउटा सभाहल, कुतथ्याप्लामा एकीकृत भवन, मनोरञ्जन पार्क निर्माण, २७२ स्थानमा सौर्यबत्ती जडान, ५६ रोपनी जग्गा खरिद गरेको आयोजना कार्यालय सूचना अधिकारी कोमल शाहले जानकारी दिए । अहिले बसपार्क र टर्मिनल भवन निर्माणको भइरहेको उनको भनाइ छ । विनियोजित रकम खर्चका आधारमा पाँच प्रतिशतमात्र काम भएको उनले बताए ।

हाल तारीखेतबाट कुत्थ्याप्ला पहुँचमार्ग, पार्क निर्माण, कर्वडहलबाट दुलेसम्मको सडक र भब्रेटामा खेलकुद मैदान निर्माण भइरहेको छ । बुर्तिबाङ बजार जिल्लाको दोस्रो ठूलो व्यापारिक केन्द्र र नेपालको एकमात्र सिकार आरक्ष ढोरपाटनको प्रवेशद्वार हो । बजार क्षेत्रमा सवारी चाप बढ्दै गए पनि सडकको अवस्था पुरानै छ । नयाँ सहरका रूपमा निदृष्ट क्षेत्रमा कालोपत्र सडक निर्माण, व्यवस्थित विद्युतीकरण, खानेपानी, ढल निकासीलगायतको प्रबन्ध, उद्यान, खेलमैदान, मनोरञ्जनस्थल, हाटबजारलगायत पूर्वाधार निर्माण हुनुपर्ने भए पनि अझै धेरै काम गर्न बाँकी रहेको सूचना अधिकारी शाह बताउँछन् ।

यो आयोजानाका लागि एक अर्ब रूपैयाँसमेत विनियोजन भएको छैन । सरकारले हालसम्म आव २०७२/७३ मा चार करोड ४७ लाख रूपैयाँ, आव २०७३/७४ मा आठ करोड २२ लाख, आव २०७४/७५ मा १६ करोड ४० लाख, आव २०७५/७६ मा १३ करोड छ हजार, आव २०७६/७७ मा सात करोड ५७ लाख, आव २०७७/७८ मा छ करोड ७३ लाख, आव २०७८/७९ मा १२ करोड छ लाख, आव २०७९/८० मा १८ करोड ३३ लाख, आव २०८०/८१ मा सात करोड ३३ लाख तथा चालु आवमा नौ करोड ९५ लाख रूपैयाँ विनियोजन भएको थियो ।

हरेक वर्ष बजेटको आकार घटबढ हुँदा लक्ष्यअनुसार काम गर्न नसकेको नयाँ सहर आयोजना कार्यालयले जनाएको छ । बर्सेनि करोडौंको बजेट नयाँ सहरका लागि आए पनि सोचेअनुसारको काम नभएको स्थानीय कुलमबहादुर घर्तीले बताए । आयोजना कार्यालयले फाट्टफुट्ट कम गरे पनि देखिनेगरी नभएको उनको भनाइ छ । आम नागरिकले बढी प्रयोग गर्ने सडक, खानेपानी र बसपार्क भएको भन्दै ती कुनै पनि पूर्वाधार व्यवस्थित नभएको घर्तीले सुनाए ।

उनले भने, '१०-१२ वर्ष भयो यो नयाँ सहरको काम सुरु भएको तर अहिलेसम्म गतिलो संरचना बनेको देखिँदैन, बुर्तिबाङ बजारमा अहिले पनि पहिलेकै साँघुरो सडक छ, ओहोरदोहोर गर्न गाह्रो छ, साँघुरो सडकमा जोखिम मोलेर यात्री हिँड्छन्, फोहोर व्यवस्थापन पनि हुनसकेको छैन, काम गरेपछि त केही फरकपन हुनुपर्ने हो, तर खासै केही परिवर्तन भएको छैन ।' अझै चुरेलावासमा पुल, खेलमैदान, सडक, हाटबजार, शीतभण्डार निर्माणलगायतका संरचना निर्माण गर्न बाँकी रहेको नयाँ सहर आयोजना कार्यालयले जनाएको छ । *रासस*

# ११ वर्षपछि डाडागाउँ स्वास्थ्य एकाइको नयाँ भवनबाट सेवा सञ्चालन

**म्याग्दी**– मालिका गाउँपालिका-३ डाडागाउँमा स्वास्थ्य एकाइ स्थापना भएको एक दशकपछि आफ्नै भवनबाट सेवा सञ्चालन गरेको छ । वि.सं. २०७१ मा स्थापना भएको एकाइ ११ वर्षसम्म भाडाको घरबाट सञ्चालन हुँदै आएको थियो ।

मालिका-३ का वडाध्यक्ष मोतिप्रसाद बुढाका अनुसार स्वास्थ्य एकाइको सुविधायुक्त नयाँ भवन निर्माण गरेर सेवा सञ्चालन गरिएको छ । रुमगाउँमा रहेको साविक रुम गाविसस्तरीय स्वास्थ्य चौकीमा पुगेर सेवा लिन अपायक पर्ने डाडागाउँ, खटेन, औला, स्यागलुङ, इग्रे, सराग्दी टोलका तीन सय बढी घरपरिवारका लागि स्थापना भएको स्वास्थ्य एकाइ भाडाको घरको साँघुरो कोठामा सञ्चालन हुदै आएको थियो । स्वास्थ्य एकाइ आफ्नै भवनबाट सञ्चालन गरेपछि सेवा प्रवाहमा धेरै सहज भएको छ ।



भुइँतलामा स्वास्थ्यकर्मी, उपचार, औषधि भण्डारण, सहायता, कार्यालय प्रमुखको कक्ष, सभाहल छ । भवनको पहिलो तलामा दुई परिवारका लागि आवास कोठा छन् । संघीय सरकारको विशेष अनुदानमा मालिका गाउँपालिकाले एक करोड ५९ लाख ८३ हजार रूपैयाँको लागतमा स्वास्थ्यचौकी भवन निर्माण गरेको हो ।

आर्थिक वर्ष २०७९/८० र २०८०/८२ मा फरकफरक ठेक्कामार्फत भवन निर्माण गरिएको मालिका गाउँपालिकाका प्राविधिक शाखा प्रमुख दीपक सापकोटाले बताए । चालु आर्थिक वर्षको बजेटबाट घेराबार र फर्निचर व्यवस्थापन गरेर नयाँ भवन प्रयोगमा ल्याइएको हो ।

भवनपरिसरमा चालु आवमा संघीय सरकारको एक करोड रूपैयाँ विशेष अनुदानबाट बर्थिङ सेन्टर (प्रसूतिगृह) भवन निर्माणाधीन छ । भवनको दोस्रो तला ढलान सकिएको छ । सातवटा वडा रहेको मालिका गाउँपालिकाको केन्द्र दरवाङमा आधारभूत अस्पताल र अन्य वडामा स्वास्थ्यचौकी छन् ।

डाडागाउँमा रहेको स्वास्थ्य एकाइमा पुगेर सेवा लिन अपायक पर्ने मालिका-३ मा पर्ने लुम्पीपार र पाल्लेका बासिन्दाको लागि पाल्लेमा सामुदायिक स्वास्थ्य एकाइ सञ्चालन भएको वडाध्यक्ष बुढाले बताए । वडा नं १ निस्कोटबाहेकको स्वास्थ्यचौकीको भवन निर्माण सकिएको छ । निस्कोटमा सहरी विकास मन्त्रालयमार्फत स्वास्थ्यचौकी भवन निर्माणको तयारी भएको छ । *रासस*

# बाजुराका अग्निपीडितलाई प्रदेश सरकारको आर्थिक सहयोग



**सुदूरपश्चिम (प्रस)**– सुदूरपश्चिम प्रदेश सरकारले बाजुराका अग्निपीडितलाई ४० लाख रूपैयाँ सहयोग गर्ने निर्णय गरेको छ । मुख्यमन्त्री कमलबहादुर शाहको अध्यक्षतामा आइतबार भएको प्रदेश विपद् जोखिम न्यूनीकरण तथा नियन्त्रण परिषद्को बैठकले उक्त निर्णय गरेको हो ।

सहायता रकम बूढीगंगा नगरपालिकालाई उपलब्ध गराइने तथा जानकारी दिँदै आगलागीबाट भएको क्षतिको पूर्णविवरण प्राप्त भएपछि सरकारले थप सहयोगबारे निर्णय गर्ने बैठकपछि मुख्यमन्त्री शाहले बताए । बैठकले अग्निपीडितलाई १५ थान टेण्ट, ३४ थान कम्बल र ३४ थान त्रिपाल प्रदान गर्ने निर्णय गरेको छ । बाजुराको बूढीगंगा नगरपालिका-६ बाम्का बजारको नवदुर्गा होटलमा शुक्रबार दिउँसो ग्यास सिलिण्डर विष्फोट भई आगलागी हुँदा ३१ घर पसल नष्ट हुनाका साथै १५ करोड रूपैयाँबराबरको धनमाल क्षति भएको सुरक्षा निकायले जनाएका छन् ।

## सन्दुस बचत तथा ऋण सहकारी संस्था लि.

**Sandus Saving & Credit Co-operativge Ltd.**

**Head Office:** Kaushaltar-15, Bhaktapur, Tel.: 01-6630150, 6635528
**Service Centre:** Purano Baneshwor-10, Kathmandu, Tel.: 01-4462833, 4475986, **E-mail:** sandussaving@gmail.com

### कर्जा रकम चुक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरूरी सार्वजनिक सूचना !

***प्रथम पटक प्रकाशित मिति : २०८२/०२/ २६***

तपसिलमा उल्लेखित ऋणीहरूले यस **सन्दुस बचत तथा ऋण सहकारी संस्था लिमिटेड**.का.म.पा.वडा नं.१० मा अवस्थित सेवा केन्द्र पुरानो बानेश्वर काठमाडौंबाट अचल सम्पति धितो राखी लिनुभएको धितो कर्जावापत संस्थालाई तिर्न बुझाउनु पर्ने साँवा, ब्याज, हर्जना रकम तिर्न बुझाउन भनी पटक-पटक मौखिक तथा लिखित रूपमा तर ताकेता गर्दा समेत बेवास्ता गरी तिर्न बुझाउन नआई संस्थासँग भएको ऋणसम्बन्धी शर्त बन्देजहरू उल्लङ्घन गर्नुभएको हुँदा ऋण, कर्जावापत संस्थालाई तिर्न बुझाउन बाँकी रकम यथाशिघ्र चुक्ता गर्न हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अत : यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्रमा आफूले कर्जा प्राप्त गरेको संस्थाको प्रधान कार्यालयमा कौशलटार भक्तपुरमा सम्पर्क राखी कर्जाको सम्पूर्ण साँवा, ब्याज, हर्जना रकम अविलम्ब चुक्ता गर्नु होला । अन्यथा तपाई ऋणीले ऋणको सुरक्षण वापत संस्थालाई लेखी लेखाइदिनु भएको तपसिलको अचल सम्पति सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनियम एवं प्रचलित ऐन कानुन बमोजिम लिलाम बिक्री गरी कर्जा असुलउपर गरिनेछ । साथै लिलाम विक्रीबाट सम्पूर्ण कर्जाको साँवा, ब्याज, हर्जना असुलउपर नभएमा तपाई ऋणी तथा एकाघरका परिवार साथै जमानी दिनेको नाममा रहेको अन्य चल-अचल सम्पत्तिबाट समेत कानून बमोजिम संस्थाको लेना रकम असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

| ऋणीको नाम ठेगाना (तीनपुस्ते) | व्यक्तिगत जमानी र धनजमानीको नाम ठेगाना | धितोको विवरण |
|---|---|---|
| **नाम, थर** : **कृष्ण माया राइनी**<br>**बाबु/पतिको नाम** : हर्क बहादुर राई/असन बहादुर राई<br>**ससुराको नाम** : ढाक बहादुर राई<br>**स्थायी ठेगाना** : झापा जिल्ला अर्जुनधारा गाविस वडा नं.५<br>**ना.प्र.न.**६९७१३१६ (जारी मिति २०४६/१०/११) | **नाम, थर** : **असन बहादुर राई**<br>**बाबुको नाम** : ढाक बहादुर राई<br>**स्थायी ठेगाना** : खोटाङ जिल्ला टेम्मा गाविस वडा नं.२<br>**ना.प्र.न.** : ३४७/०३४/०३५ | झापा जिल्ला घैलाडुब्बा गाविसवडा नं.९ कित्ता नं. ६८१ को क्षेत्रफल ३३८.६३ व.मि. |
| **नाम, थर** : **असन बहादुर राई**<br>**बाबुको नाम** :- ढाक बहादुर राई<br>**बाजेको नाम** :- अदमवीर राई<br>**स्थायी ठेगाना** :- खोटाङ जिल्ला टेम्मा गाविस वडा नं.२<br>**ना.प्र.नं.** ३४७/०३४/०३५<br>(जारी मिति : २०३४/१०/२९) | **नाम, थर** : **कृष्ण माया राइनी**<br>**बाबु/पतिको नाम** : हर्क बहादुर राई/असन बहादुर राई<br>**ससुराको नाम** : ढाक बहादुर राई<br>**स्थायी ठेगाना** : झापा जिल्ला अर्जुनधारा गाविस वडा नं.५<br>**ना.प्र.न.**६९७१३१६ (जारी मिति २०४६/१०/११)<br>**नाम, थर** : **मणि कुमार राई**<br>**बाबुको नाम** : असन बहादुर राई / **ना.प्र.नं.** १५८७/३९५<br>**स्थायी ठेगाना** : झापा जिल्ला अर्जुनधारा न.पा.वडा नं.५/**नाम थर** : **ज्ञान प्रकाश राई**<br>**बाबुको नाम** : असन बहादुर राई / **ना.प्र.न.**६९७१३०६०<br>**स्थायी ठेगाना** : झापा जिल्ला अर्जुनधारा गाविस वडा नं.५ | झापा जिल्ला चारपाने गाविस वडा नं.१ कित्ता नं. ३११ को क्षेत्रफल ०-५-१५ (विघा) र कि.नं.२४९८ को क्षेत्रफल ०-३-० (विघा) |

स्थानीय सरकार

## पाँचपोखरी थाङपाल गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

**थाङपालधाप, सिन्धुपाल्चोक**

### निष्कृय रहेका सहकारी संस्थाहरूलाई विवरण पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

**(प्रथम पटक प्रकाशन मितिः २०८२।०२।२६)**

प्रस्तुत विषयमा सहकारी ऐन २०७४ अनुसार सहकारी संस्थाहरुले आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिनाभित्रमा संस्थाको वार्षिक लेखा परिक्षण सम्पन्न गर्नुपर्ने र पौष मसान्तभित्रमा संस्थाको वार्षिक साधारण सभा सम्पन्न गरी सो को प्रतिवेदन नियामक निकाय समक्ष पेश गर्नुपर्ने कानूनी प्रावधान रहेको छ । यस गाउँपालिकाको नियमन क्षेत्रभित्र रहेका सहकारी संस्थाहरुलाई निर्धारित समयमा संस्थाको वार्षिक लेखा परीक्षण तथा साधारण सभा सम्पन्न गरी तोकिएको समयमा विवरण पेश गर्न पटक पटक सार्वजनिक सूचना मार्फत जानकारी गराइएकोमा हालसम्म पनि तपशिलमा उल्लेखित सहकारी संस्थाहरुले गाउँपालिकाको अनुरोधलाई बेवास्ता गरी कुनै पनि विवरण पेश नगरेको र कतिपय सहकारी संस्था अनुगमनको क्रममा समेत सम्पर्कमा नआएको हुँदा यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्रमा गाउँपालिकाको सहकारी शाखामा विवरण पेश गर्नुहुन २०८२।०१।१५ गतेको गाउँ कार्यपालिकाको निर्णय अनुसार सबै सरोकारवाला सहकारी संस्था तथा व्यक्तिहरुका लागि यसै सूचना मार्फत जानकारी गराइन्छ ।

गाउँपालिकामा लामो समयदेखि विवरण पेश नगरेका सहकारी संस्थाहरुले गाउँपालिकाको स्वीकृति बिना सदस्यहरुसँग कारोबार नगर्नु/नगराउनु हुन र कुनै पनि व्यक्तिले उल्लेखित सहकारी संस्थाको सदस्य भई कारोबार गरेको भएमा वा सहकारीबाट लिनुपर्ने हिसाब भएमा सहकारीसँग भएको कारोबारको प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्रमा गाउँपालिकामा जानकारी गराउनुहुन अनुरोध छ । उल्लेखित मितिमा विवरण पेश नगर्ने सहकारी संस्था तथा सदस्यको दायित्व फिर्ता गर्न बाँकी रहेका सहकारी संस्था र संस्थाका सञ्चालकहरुलाई नियमानुसार कारबाही हुने समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**तपशिलः**

| क्र.सं. | सहकारीको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | बासखर्क जैविक प्राङ्गारिक कृषि सहकारी संस्था लिमिटेड | वडा नं. १, बासखर्क | |
| २ | हजुरको साना किसान कृषि सहकारी संस्था लिमिटेड | वडा नं. १, बासखर्क | |
| ३ | श्री बछलादेवी सहकारी संस्था लिमिटेड | वडा नं. २, बरुवा | |
| ४ | बरुवा साफ महिला कृषि सहकारी संस्था लिमिटेड | वडा नं. २, बरुवा | |
| ५ | साहारा उपभोक्ता सहकारी संस्था लिमिटेड | वडा नं. २, बरुवा | |
| ६ | श्री हरियाली उपभोक्ता सहकारी संस्था लिमिटेड | वडा नं. ३, भोताङ | |
| ७ | ग्युङगार खोला साना जलविद्युत कृषि सहकारी संस्था लिमिटेड | वडा नं. ३, भोताङ | |
| ८ | महिला प्रगति बचत तथा ऋण सहकारी संस्था लिमिटेड | वडा नं. ४, थाङपालकोट | |
| ९ | भोताङ बचत तथा ऋण सहकारी संस्था लिमिटेड | वडा नं. ३, भोताङ | |
| १० | रैथानेश्वरी महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड | वडा नं. ४, थाङपालकोट | |
| ११ | जनहित बचत तथा ऋण सहकारी संस्था लिमिटेड | वडा नं. ४, थाङपालकोट | |
| १२ | थाङपाल गुन्सा उपभोक्ता सहकारी संस्था लिमिटेड | वडा नं. ५, गुन्सा | |
| १३ | संछोयलिङ जडिवुटी कृषि सहकारी संस्था लिमिटेड | वडा नं. ५, गुन्सा | |
| १४ | हाडिखोला प्रथम लघु जलविद्युत सहकारी संस्था लिमिटेड | वडा नं. ६, थाङपालधाप | |
| १५ | श्री दक्षिणकाली बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | वडा नं. ६, थाङपालधाप | |
| १६ | थाङपालधाप जैविक प्राङगारिक कृषि सहकारी संस्था लिमिटेड | वडा नं. ६, थाङपालधाप | |
| १७ | एकता महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड | वडा नं. ६, थाङपालधाप | |
| १८ | उत्पीडित उत्थान महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड | वडा नं. ७, भोटेनाम्लाङ | |
| १९ | नाम्लाङ बचत तथा ऋण सहकारी संस्था लिमिटेड | वडा नं. ७, तिपेनी | |
| २० | देवीस्थान कृषि सहकारी संस्था लिमिटेड | वडा नं. ७, भोटेनाम्लाङ | |
| २१ | क्षेत्रपालेश्वरी उपभोक्ता सहकारी संस्था लिमिटेड | वडा नं. ७, भोटेनाम्लाङ | |

**लक्ष्मण कुईकेल**
**प्रमुख प्रशासकीय अधिकृत**



यही जुन ४ मा ड्रोनमार्फत खिचिएको उत्तरी चीनको तियानजिनस्थित हाइहे नदीको किनारको रात्रिकालीन दृश्य । यस वर्षको सुरुदेखि नै तियानजिनले हाइहे नदीको किनारमा २१६ भवन, १३ पुल, ८.२ किलोमिटर नदी किनार र सात सडकहरूको प्रकाश सुविधाको स्तरोन्नति गरेको छ । *तस्बिरः सिन्ह्वा*

# कोलम्बियाका राष्ट्रपतिका उम्मेदवार गोली प्रहारबाट घाइते



**बोगोटा–** कोलम्बियाका दक्षिणपन्थी विपक्षी सिनेटर तथा आगामी वर्षको राष्ट्रपति चुनावका उम्मेदवार शनिबार बोगोटामा भएको चुनावी कार्यक्रममा गोली लागेपछि गहन उपचार कक्षमा रहेको अधिकारीहरूले बताएका छन् ।

सामाजिक सञ्जालमा भाइरल भएको एउटा भिडियोमा ३९ वर्षीय मिगुएल उराइबले अचानक गोली चल्दा धेरै मानिसको अगाडि भाषण दिँदै गरेको देखिन्छ । अन्य तस्बिरहरूमा उनी रगतले लतपतिएको अवस्थामा सेतो कारको बोनटमा ढलेको र पुरुषहरूको समूहले उनलाई सम्हालेको देखिन्छ । मिडियाका अनुसार संदिग्ध बन्दुकधारी एक किशोरलाई पक्राउ गरिएको छ ।

महान्यायाधिवक्ता लुज एड्रियाना कामार्गोले काराकोल रेडियोलाई उराइब 'गहन उपचार कक्षमा' रहेको बताए । स्थानीय मिडियाका अनुसार कस्तीमा एउटा गोली सिनेटरको घाँटी वा टाउकोमा लागेको छ । वामपन्थी राष्ट्रपति गुस्ताभो पेट्रोको सरकारले राजधानीको पश्चिममा चुनावी अभियानका क्रममा उराइबमाथि भएको आक्रमणको 'स्पष्ट र कडा' निन्दा गरेको छ ।

'हिंसाको यो कार्य उहाँको व्यक्तित्वमाथि मात्र नभएर लोकतन्त्र, विचारको स्वतन्त्रता र कोलम्बियामा राजनीतिको वैधानिक अभ्यासमाथिको आक्रमण हो,' राष्ट्रपति कार्यालयले विज्ञप्तिमा भनेको छ । पेट्रोका कडा आलोचक उराइब डेमोक्रेटिक सेन्टर पार्टीका सदस्य छन् । उनले गत अक्टोबरमा सन् २०२६ को राष्ट्रपति चुनावमा उम्मेदवारी दिने घोषणा थिए । उनको पार्टीले शनिबार एक विज्ञप्तिमा एक 'सशस्त्र व्यक्ति' ले सिनेटरलाई पछाडिबाट गोली हानेको बताएको छ । 'उक्त आक्रमणले एक राजनीतिक नेताको जीवनलाई मात्र खतरामा पार्ने नभएर कोलम्बियाको लोकतन्त्र र स्वतन्त्रतालाई पनि खतरामा पार्छ,' पार्टीले भनेको छ ।

यसैबीच पार्टी नेता एवं कोलम्बियाका प्रभावशाली पूर्वराष्ट्रपति अल्भारो उराइबले गोलीकाण्डलाई 'देशको आशामाथिको आक्रमण' भनेका छन् । बोगोटाका मेयर कार्लोस गालानले एक्समा 'बन्दुकधारीलाई पक्राउ गरिएको' बताएका छन् । स्थानीय मिडियाका अनुसार १५ वर्षीय केटालाई पक्राउ गरिएको छ र उसैले गोली चलाएको आशंका गरिएको छ ।

महान्यायाधिवक्ता कामार्गोले आफूले ती रिपोर्टहरू देखेको तर जानकारी अझै प्रमाणित हुन बाँकी रहेको बताए । मिगुएल उराइब कोलम्बियामा लामो राजनीतिक परम्परा भएको परिवारका सदस्य छन् । उनका एक हजुरबुबा कोलम्बियाका पूर्वराष्ट्रपति जुलियो सेजर टर्बे थिए । उनले सन् १९७८ देखि १९८२ सम्म देशको नेतृत्व गरेका थिए । उनकी आमा डायना टर्बे प्रसिद्ध पत्रकार थिइन् । उनलाई कुख्यात ड्रग लर्ड पाब्लो एस्कोबारको नेतृत्वमा रहेको मेडेलिन कार्टेलले अपहरण गरेको थियो । उनी सन् १९९१ मा असफल सैन्य उद्धार अभियानमा मारिएकी थिइन् ।

उराइब स्वयं सन् २०२२ देखि सिनेटर रहेका छन् । उनले पहिले बोगोटाको सरकारी सचिव र नगर पार्षदका रूपमा सेवा गरेका छन् । उनले सन् २०१९ मा सिटी मेयरका लागि पनि उम्मेदवारी दिएका थिए तर त्यो चुनावमा पराजित भएका थिए । अधिकारीहरूले शनिबारको आक्रमणका पछाडि रहेकाहरूलाई पक्राउ गर्न जानकारी दिनेलाई करिब सात लाख डलर इनाम दिने घोषणा गरेको रक्षामन्त्री पेड्रो साञ्चेजले एक्समा भने । *रासस/एएफपी*

# अमेरिकी एयरोस्पेस उद्योग राष्ट्रपतिको कर नीतिका कारण चिन्तित




**न्युयोर्क–** अमेरिकी वायुसेवा र एयरोस्पेस निर्माताहरूले ट्रम्प प्रशासनको प्रस्तावित करले यस क्षेत्रले ७० वर्षभन्दा बढी समयदेखि उपभोग गर्दै आएको स्वस्थ व्यापार अधिशेषलाई खान सक्ने चेतावनी दिँदै टचारिफ सुरक्षाका लागि उनीहरूको कुनै उपयोग नभएको बताएका छन् ।

राष्ट्रपति डोनाल्ड ट्रम्पको अनुरोधमा वाणिज्यमन्त्री हावर्ड लुटनिकको विभागले मे १ मा नागरिक विमान र इञ्जिनलगायतका पार्टपुर्जामा १० देखि २० प्रतिशतसम्म कर लगाउने वा नलगाउने भनेर अनुसन्धान सुरु गरेको थियो । अमेरिकी उद्योगले ती टचारिफहरू द्रुतरूपमा रक्षा गर्न तयार पारिएको थियो जसले प्रशासनलाई थाहा दियो कि यो इच्छुक छैन ।

एयरोस्पेस इण्डस्ट्रिज एसोसिएसन (एआइए)ले लुटनिकलाई सम्बोधन गर्दै लेखेको पत्रमा भनिएको छ, 'नागरिक उड्डयन प्रविधिको आयातमा व्यापक टचारिफ वा गैरटचारिफ व्यापार अवरोध लागू गर्दा दशकौंको औद्योगिक प्रगति उल्टचाउने र घरेलु आपूर्ति शृंखलालाई हानि पुऱ्याउने खतरा हुन्छ ।

इच्छुक पक्षलाई आ-आफ्नो अडानबारे जानकारी गराउन जुन ३ तारिखसम्म समय दिइएको थियो । त्यसको अर्को दिन लुटनिकले वासिङ्टनले यस महिनाको अन्त्यसम्ममा 'विमानको पार्ट टचारिफको मापदण्ड निर्धारण गर्ने' लक्ष्य राखेको घोषणा गरे । 'मुख्य कुरा त्यो उद्योगको संरक्षण गर्नु हो,' उनले भने, 'हामी यी टचारिफहरू अमेरिकी उद्योगको सुधारका लागि प्रयोग गर्नेछौं ।'

तर एआइए र एयरलाइन्स फर अमेरिका (एफोरए) ट्रेड एसोसिएसनले भने करवृद्धिले अमेरिकी उत्पादकलाई नोक्सान पुऱ्याउने डर व्यक्त गरेका छन् ।

### कुनै समाधान आवश्यक छैन

'अन्य उद्योगहरूको विपरीत, नागरिक उड्डयन उत्पादन उद्योगले उच्च मूल्यका घटकहरूको घरेलु उत्पादन र अन्तिम विधानसभालाई प्राथमिकता दिन्छ,' एआइएले औंल्याएको छ । संगठनका अनुसार सन् २०२३ मा अमेरिकी एयरोस्पेस र प्रतिरक्षा निर्यात १३५.९ अर्ब डलर पुगेको छ, जसमा नागरिक उड्डयनका लागिमात्र ११३.९ अर्ब डलर समावेश छ ।

यसले यस क्षेत्रलाई ७४.५ अर्ब डलरको व्यापार अधिशेष उत्पन्न गर्न र अनुसन्धान र विकासमा ३४.५ अर्ब डलर लगानी गर्न अनुमति दियो । यस क्षेत्रले संयुक्त राज्य अमेरिकामा एक हजारभन्दा बढी कम्पनीहरूमा २.२ मिलियनभन्दा बढी मानिसहरूलाई रोजगार दिन्छ, जसले २०२३ मा लगभग चार हजार ५४५ बिलियनको सामान उत्पादन गरेको थियो ।

लुटनिकलाई दिएको प्रतिक्रियामा एफोरएले करिब आधा शताब्दीभन्दा बढी समयदेखि शुल्क र व्यापार अवरोध हटाउन सहयोग गरेर अन्तर्राष्ट्रिय व्यापार सम्झौता (एटिसिए) कत्तिको फाइदाजनक थियो भन्ने कुरा प्रकाश पारेको छ । 'अमेरिकी नागरिक उड्डयन उद्योग सफलताको कथा हो जुन राष्ट्रपति ट्रम्पले खोजिरहेका छन् किनकि यसले विश्वव्यापी रूपमा नागरिक एरोस्पेसको नेतृत्व गरिरहेको छ,' विज्ञप्तिमा भनिएको छ ।

उत्पादनको पूर्ण ८४ प्रतिशत पहिले नै अमेरिकी रहेको र वासिङ्टनले बाँकी रहेको १६ प्रतिशत लाई ठीक गर्न आवश्यक नरहेको बताएको छ । 'वर्तमान व्यापार ढाँचाले हाम्रो आर्थिक र राष्ट्रिय सुरक्षालाई बढावा दिएको छ र हाम्रो राष्ट्रिय सुरक्षालाई अगाडि बढाउनका लागि एक महत्त्वपूर्ण घटक हो,' विज्ञप्तिमा भनिएको छ । उत्पादकहरूका लागि सम्भावित टचारिफहरूले दशकौंदेखि सञ्चालनमा रहेको राम्रो तेल भएको मेसिनलाई बालुवा जाम गरेजस्तै काम गर्ने छ भनी विशेषज्ञहरूले चेतावनी दिएका छन् । कोभिड-१९ महामारीबाट अझै पनि 'रिकभर' भइरहेको अति संवेदनशील आपूर्ति शृंखलालाई पनि उनीहरूले सन्तुलनमा राख्ने छन् । *रासस/एएफपी*

# मणिपुरमा ताजा हिंसापछि कफर्यू आदेश

**इम्फाल (भारत)–** जातीय तनावले ग्रसित भारतीय राज्य मणिपुरले कट्टरपन्थी समूहका केही सदस्यको गिरफ्तारीको विषयमा प्रदर्शनकारीहरू र सुरक्षा बलहरूबीच झडप भएपछि इन्टरनेट बन्द र कफर्यू लगाएको प्रहरीले आइतबार बताएको छ ।

भारतको उत्तरपूर्वमा रहेको मणिपुरमा दुई वर्षभन्दा बढी समयदेखि मुख्यतः हिन्दू मैतेई बहुसंख्यक र मुख्यतः इसाई कुकी समुदायबीच आवधिक झडपहरू भइरहेका छन् । यी झडपमा २५० भन्दा बढी मानिसको मृत्यु भएको छ ।

पछिल्लो हिंसा शनिबार कट्टरपन्थी मैतेई समूह अरम्बाई तेंगोलका एक कमाण्डरसहित पाँच सदस्यको गिरफ्तारीको खबरपछि सुरु भएको थियो । तिनीहरूको रिहाइको माग गर्दै आक्रोशित भीडले प्रहरी चौकीमा आक्रमण गरी राज्यको राजधानी इम्फालका केही भागमा बसमा आगो लगाइदियो र सडक अवरुद्ध गऱ्यो ।

मणिपुर प्रहरीले 'विकसित कानुन र शृंखला अवस्था' का कारण इम्फाल पश्चिम र विष्णुपुरसहित पाँच जिल्लामा कफर्यूको घोषणा गरेको छ ।

'जिल्ला मजिस्ट्रेटहरूले निषेधाज्ञा जारी गरेका छन् । नागरिकहरूलाई आदेशको पालना गर्न अनुरोध गरिएको छ,' प्रहरीले विज्ञप्तिमा भनेको छ । कुकी समुदायविरुद्धको हिंसाको योजना बनाएको आरोप लागेको अरम्बाई तेंगोलले पनि उपत्यकाका जिल्लाहरूमा १० दिनको बन्दको घोषणा गरेको छ ।

राज्यको गृह मन्त्रालयले पछिल्लो अशान्तिलाई नियन्त्रणमा ल्याउन अस्थिर जिल्लाहरूमा सबै इन्टरनेट र मोबाइल डाटा सेवाहरू पाँच दिनका लागि बन्द गर्न आदेश दिएको छ । सन् २०२३ मा हिंसाको प्रारम्भिक प्रकोपको समयमा मणिपुरमा महिनौंसम्म इन्टरनेट सेवाहरू बन्द गरिएको थियो । हिंसाले सरकारी तथ्यांकअनुसार करिब ६० हजार मानिसलाई आफ्नो घरबाट विस्थापित गरेको थियो ।

राज्यका हजारौं बासिन्दा अझै पनि चलिरहेको तनावका कारण घर फर्कन सकेका छैनन् । मैतेई र कुकी समुदायहरूबीच लामो समयदेखिको तनाव भूमि र सार्वजनिक जागिरहरूको प्रतिस्पर्धाको वरिपरि घुमेको छ । अधिकारकर्मीहरूले स्थानीय नेताहरूले राजनीतिक लाभका लागि जातीय विभाजन बढाएको आरोप लगाएका छन् । *रासस/एएफपी*

# अस्ट्रेलिया बलियो वैश्विक व्यापारिक सम्बन्ध बिस्तार गर्न इच्छुक, अमेरिकी नयाँ कर नीतिको विरोध

**सिड्नी–** अस्ट्रेलियाका व्यापारमन्त्री डन फारेलले राष्ट्रपति डोनाल्ड ट्रम्पको 'अन्यायपूर्ण' करको निन्दा गर्दै संयुक्त राज्य अमेरिकामाथिको निर्भरता कम गर्न अस्ट्रेलियाले अन्य देशसँग स्वतन्त्र व्यापार सम्झौता विस्तार गर्न दबाब दिने बताएका छन् ।

अस्ट्रेलिया अमेरिकाको नजिकको सहयोगी देश हो तर ट्रम्पको विश्वव्यापी करको हिस्साको रूपमा संयुक्त राज्य अमेरिकामा निर्यात हुने सामानहरूमा १० प्रतिशत, स्टिल र आल्मुनियममा ५० प्रतिशत सम्म कर लगाइएको छ । 'म आशावादी छु, विश्वका ती देशहरू जसले स्वतन्त्र र निष्पक्ष व्यापारमा विश्वास गर्छन्, उनीहरू विश्वभरि स्वतन्त्र व्यापार सम्झौताहरू विस्तार गर्न सम्झौतामा पुग्न सक्दछन्, ताकि अमेरिकीहरूले जे सुकै गर्न चाहे पनि हामीसँग व्यापारिक साझेदारहरूको अधिक विविधता छ,' फारेलले स्काई न्युजसँग भने ।

गत हप्ता पेरिसमा विश्व व्यापार संगठन, आर्थिक सहयोग तथा विकास संगठन (ओइसिडी) र अन्य देशहरूसँगको वार्तापछि उनले अस्ट्रेलिया 'संरक्षणवाद' रोक्न र स्वतन्त्र र निष्पक्ष व्यापारलाई प्रोत्साहित गर्न केन्द्रित रहेको बताएका थिए । फेरेलले भने, 'अस्ट्रेलिया र संयुक्त राज्य अमेरिकाबीचको व्यापार वार्षिक अनुमानित १०० अर्ब अस्ट्रेलियाली डलर (झण्डै ६५ अर्ब अमेरिकी डलर) बराबरको छ । अस्ट्रेलियाले संयुक्त राज्य अमेरिकालाई बेचेको सामानभन्दा बढी किनेको छ ।'

उनले गत साता आफ्ना अमेरिकी समकक्षी जेमिसन ग्रीरसँग अस्ट्रेलियाबाट हुने निर्यातका सामानमा लगाइएको शुल्कको विरोध गरेको बताएका थिए । 'मैले जेमिसन ग्रीरलाई राखेको अडान के हो भने अमेरिकाले अस्ट्रेलियामाथि लगाएको कर अनुचित छ,' फेरेलले भने ।

'हामी ती मध्ये केही मात्र होइन सबै करहरू हटाउन चाहन्छौं,' उनले थपे । युरोपेली संघ (इयू) ले गत महिना युक्रेन युद्ध र अन्य विश्वव्यापी संकटका लागि संयुक्त अन्तर्राष्ट्रिय प्रतिक्रिया सिर्जना गर्न अस्ट्रेलियासँग रक्षा साझेदारीको प्रयास गरिरहेको बताएको थियो । *रासस/एएफपी*


**Government of Nepal**
**Ministry of Water Supply**
**Department of Water Supply and Sewerage Management**
**Federal Water Supply and Sewerage Management Project**
**Bhaktapur**

**Notice to Intention to Award Contract**

**Date of Publication:- 9th June, 2025**

This is to notify all the concerned bidders, pursuant to the Public Procurement Act 2063 (PPA) as per the clause 27(2) and 47, that it is our intention to award the contract for the e-bid published on 11th April, 2025, in both the "Himalaya Times" National Daily and the PPMO's e-portal www.bolpatra.gov.np/egp, to the bidder as listed below as bid price of the corresponding bidder is determined to be substantially responsive and the lowest amongst the evaluated bid price.

| Contract No | Description of Works | Lowest Evaluated Substantially responsive bidder's name and address | Lowest Evaluated Bid Price with PS and VAT. |
|---|---|---|---|
| 13-081/82/ Works/Central/ FWSSMP-Bhaktapur | Construction of Entire works of Taudole Water Supply Project, Suryabinayak-8,9, Bhaktapur. | M/S Nir-Guys J/V, LMC-19, Kumaripati, Lalitpur | NRs. 117,180,313.13 |

**Project Chief**



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reach-mond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी–विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १९०७०० | प्रति तोला - ० | प्रति तोला - २१४५ |



**च्याङ्ग्राको भुवा निकाल्न सिकाइँदै** | मुस्ताङको लोमान्थाङ गाउँपालिका-५ स्थित समुद्री सतहदेखि चार हजार ६०० मिटर उचाईको खर्कमा कृषकहरूलाई च्याङ्ग्राको भुवा निकाल्न सिकाउँदै भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्र मुस्ताङका प्रमुख लालमणि अर्यालसहितको प्राविधिक टोली । *तस्बिरः सन्तोष गौतम/रासस*

# चालु आवमा बिमा क्षेत्रको प्रगति उत्साहजनक

## बिमा शुल्क संकलन, बिमालेख जारी र दाबी भुक्तानीमा सकारात्मक वृद्धि

■ प्रभाव संवाददाता

**काठमाडौं-** चालु आर्थिक वर्षको वैशाख मसान्तसम्ममा जीवन बिमा क्षेत्र १५.५५ प्रतिशतले वृद्धि भएको पाइएको छ । नेपाल बिमा प्राधिकरणले चालु आर्थिक वर्षको वैशाख मसान्तसम्मका बिमा क्षेत्रका मुख्यमुख्य तथ्यांकको विश्लेषणसहित बिमा प्रतिविम्बको दोस्रो संस्करण सार्वजनिक गर्दै उक्त जानकारी दिएको हो ।

प्राधिकरणका अनुसार गत वैशाख मसान्तसम्ममा जीवन बिमा क्षेत्रले एक खर्ब ४० अर्ब ३५ करोड रूपैयाँ बिमा शुल्क संकलन गरेको छ । कूल बिमा शुल्क संकलन एक खर्ब ७६ अर्ब २२ करोड रूपैयाँ पुगेको छ, जुन गत वर्षको तुलनामा १४.०३ प्रतिशतले बढी हो ।

यस संस्करणमा चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म जारी बिमालेख संख्या, प्रदेशगतरूपमा बिमालेख संख्या, बिमाशुल्क




संकलन, बिमा दाबी भुक्तानी विवरण, जीवन बिमाको पहुँचजस्ता विषय समेटिएको छ । यस्तै, बीमकको वित्तीय अवस्था, समर्पण तथा व्यतीत विवरण, बीमकका शाखा कार्यालय तथा कर्मचारी विवरणलगायत बिमा क्षेत्रका समग्र सूचकांक विश्लेषणसहित प्रस्तुत गरिएको छ ।

उक्त प्रतिवेदनमा नेपालको बिमा क्षेत्रले गत वर्षभर उल्लेखनीय प्रगति हासिल गरेको जानकारी दिइएको छ । यस्तै बिमा शुल्क संकलन, बिमालेख जारी र दाबी भुक्तानीमा सकारात्मक वृद्धि देखाएको छ । यसले देशको आर्थिक विकासमा बिमा क्षेत्रको महत्त्वपूर्ण योगदानलाई उजागर गरेको छ । दाबी भुक्तानीतर्फ जीवन बिमामा दाबी भुक्तानीको संख्या दुई लाख १८ हजार ९५१ रहेको छ । जसअन्तर्गत ४८ अर्ब ९५ करोड रूपैयाँ भुक्तानी भएको छ । गत आवको वैशाख मसान्तसम्मको तुलनामा दाबी भुक्तानी संख्या र रकममा केही कमी आएको देखिन्छ ।

साथै, ५३ हजार ४८१ वटा दाबीअन्तर्गत चार अर्ब ४५ करोड रूपैयाँ भुक्तानी हुन बाँकी छ । निर्जीवन बिमातर्फ गत वैशाख मसान्तसम्म कूल एक लाख १३ हजार ९३७ वटा दाबी भुक्तानी भएको छ । जसअन्तर्गत १२ अर्ब ५८ करोड रूपैयाँ भुक्तानी भएको छ भने ३० अर्ब ३३ करोड रूपैयाँबराबरको कूल एक लाख पाँच हजार ६२० वटा दाबी संख्या भुत्तानी हुन बाँकी छ ।

गत वैशाख मसान्तसम्म ८८ हजार ६३५ बिमालेख समर्पण भएका छन् । जसअन्तर्गत १२ अर्ब २७ करोड रूपैयाँ समर्पण रकम छ । त्यसैगरी, १२ लाख ५४ हजार ४७८ बिमालेख व्यतीत भएका छन्, व्यतीत बिमालेखको रकम ३६ अर्ब ८६ करोड रूपैयाँ छ । बिमा शुल्क संकलन, बिमालेख जारी र कर्मचारी संख्यामा वृद्धिले यस क्षेत्रको विस्तार र जनताको विश्वास बढाएको छ । तर, दाबी भुक्तानीमा रहेको ढिलाइ र केही प्रदेशमा सेवा पुग्न नसक्ने चुनौती अझै पनि रहेको प्राधिकरणको दाबी छ ।

# 'अन्तर्राष्ट्रिय पर्यटन सहकार्यको आधार हिमालयन ट्राभल मार्ट'

■ प्रभाव संवाददाता




**काठमाडौं-** हिमालय क्षेत्रका देशबीच बलियो सहकार्यका साथै अन्तर्राष्ट्रिय पर्यटन प्रवर्द्धनका लागि अन्तर्राष्ट्रिय पर्यटन मेला 'हिमालयन ट्राभल मार्ट' बलियो आधार बनेको छ । यहाँ पर्यटन क्षेत्रको सबैभन्दा ठूलो पर्यटन मेलाका रूपमा स्थापित मार्टको पाँचौं संस्करण हालै काठमाडौंमा सम्पन्न भएको छ ।

यही जेठ २० देखि २२ सम्म भएको मार्टले अन्तर्राष्ट्रिय पर्यटन प्रवर्द्धन, सहकार्य र दिगो पर्यटन विकासका लागि नयाँ मापदण्डसमेत स्थापित गरेको आयोजक प्यासिफिक ट्राभल एसोसिएसन (पाटा) नेपाल च्याप्टरले आइतबार विज्ञप्तिमार्फत जनाएको छ । मार्टको पाँचौं संस्करणमा विश्वका ३० मुलुकबाट १०० भन्दा बढी अन्तर्राष्ट्रिय सहभागी र नेपाली पर्यटन क्षेत्रका प्रतिनिधि तथा सरोकार भएकाहरूसहित ७०० भन्दा बढी प्रतिनिधिको सहभागिता थियो ।

'माउन्टेन, माइलस्टोन्स एण्ड मोमेण्टम' भन्ने मूल नाराका साथ पाटा नेपाल च्याप्टरको ५०औं वार्षिकोत्सवको अवसरमा आयोजित मार्ट दिगो पर्यटन वृद्धिका लागि अन्तर्राष्ट्रिय पर्यटन सहकार्य प्रवर्द्धनमा फलदायी भएको पाटाले उल्लेख गरेको छ । मार्टले अन्तर्राष्ट्रिय क्रेता, बिक्रेता, सञ्चारकर्मी, पर्यटन व्यवसायी, नीति निर्माता र सरोकार भएकाहरूको उत्साहजनक सहभागिताले मार्टलाई हिमाली क्षेत्रकै प्रमुख ट्राभल ट्रेड प्लेटफर्मको रूपमा पहिचान गराउँदै नेपाललाई 'गेटवे टु द हिमालय'को रूपमा स्थापित गर्न सशक्त भूमिका खेलेको विज्ञप्तिमा जनाइएको छ ।

नेपाल पर्यटन बोर्ड, नेपाल वायुसेवा निगम तथा विभिन्न सार्वजनिक तथा निजी क्षेत्रका साझेदारको सहकार्य र सहयोगमा आयोजित मार्टमा व्यावसायिक अन्तरक्रिया, ज्ञान आदानप्रदान सत्र, नेटवर्किङ, गन्तव्य अवलोकन भ्रमण, र सांस्कृतिक कार्यक्रमलगायत प्रस्तुत गरिएका थिए ।

मार्टको उद्घाटन गर्दै संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले नेपाललाई 'गेटवे टु द हिमालय' को रूपमा परिचित गराउँदै पाटा नेपालको स्वर्ण जयन्ती र माउण्ट अन्नपूर्णाको पहिलो सफल आरोहणको ७५औं वार्षिकोत्सवजस्ता दुई ऐतिहासिक उपलब्धिको चर्चा गरे । उनले दिगो, समावेशी र लचिलो पर्यटन भविष्य निर्माणका लागि सरकारको प्रतिबद्धता र सार्वजनिक-निजी साझेदारी तथा विश्वव्यापी सहकार्यको आवश्यकता औंल्याएका थिए ।

बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिइओ) दीपकराज जोशीले नेपालको दिगो पर्यटन दृष्टिकोण र अन्तर ाष्ट्रिय पर्यटकका लागि नयाँ परिपथ र विशेष अनुभव विकास गर्ने योजना प्रस्तुत गरे । पाटा नेपाल च्याप्टरका अध्यक्ष खेम लाकाईले नेपाललाई वर्षभर भ्रमणयोग्य गन्तव्यको रूपमा प्रवर्द्धन गर्न सकिने र सो स्थापित गर्नका लागि क्षेत्रीय सहकार्यको आवश्यकता औंल्याए ।

पर्यटन व्यवसायी कर्ण शाक्यले 'हिमाल, उपलब्धि र गति' भन्ने मूल विषयमा आधारित रहेर विशेष वक्ताको रूपमा सम्बोधन गर्दै नेपालको पर्यटन विकासका आधारबारे प्रस्ट पारेका थिए । कार्यक्रममा सहभागी विदेशी पाहुनालाई परिचयात्मक भ्रमण गराइएको थियो । उनीहरूले काठमाडौं, चितवन, पोखरा, पनौती, र धुलिखेलजस्ता गन्तव्यमा पुगेर नेपालका विविध अनुभव अवलोकन गर्नुका साथै भ्रमणबाट नेपालको सांस्कृतिक सम्पदा, वन्यजन्तु, सामुदायिक पर्यटन, साहसिक, स्वास्थ्य र अध्यात्मिक पर्यटन प्रवर्द्धनमा टेवा पुगेको पाटा नेपालका सिइओ सुरेशसिंह बुडालले बताए । उनका अनुसार बिटुबी कार्यक्रमअन्तर्गत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विश्लेषकले आध्यात्मिक, साहसिक, विलासी पर्यटन, सांस्कृतिक बौद्धिकता र समझदारी, दिगोपन, बजार प्रवृत्ति र विश्वपर्यटनको उदाउँदो अवसरबारे विचार आदानप्रदान गरिएको थियो ।

# निरन्तर घट्दै नेप्से, आइतबार ११ अंकले घट्यो

**काठमाडौं (प्रस)-** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अंकको गिरावट देखिएको छ । आइतबार नेप्से परिसूचक ११.०६ अंकले घटेर दुई हजार ६२९.८९ को बिन्दुमा कायम भएको हो । आइतबार ३१३ कम्पनीको एक करोड ९९ लाख ९२ हजार १८१ कित्ता सेयर ८६ हजार ६३६ पटक खरिदबिक्री हुँदा नौ अर्ब १३ करोड ७४ लाख १४ हजार ९१८.९३ को कारोबार भएको छ ।

यस दिन जलविद्युत् समूह १.२२ र होटल तथा व्यापार समूह ०.१२ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ १.०५, विकास बैंक ०.०६, वित्त ०.९१, लगानी ०.०८ र जीवन बिमा समूह ०.७७ प्रतिशतले घटेको छ । उत्पादन तथा प्रशोधन ०.७४, लघुवित्त ०.७०, म्युचुअल फण्ड ०.१०, निर्जीवन बिमा ०.९५, व्यापार ०.२३ र अन्य समूह ०.९९ प्रतिशतले घटेको छ ।

आइतबारको कारोबारमा रिभर फल्स पावर लिमिटेड र पिअर इनर्जी लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने ओम मेगाश्री फर्मास्युटिकल्स लिमिटेडको सेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकमका आधारमा आइतबार सबैभन्दा बढी राधी विद्युत् कम्पनी लिमिटेडको ७२ करोड ९५ लाख १४ हजार रूपैयाँ बराबरको सेयर किनबेच भएको छ । कारोबार संख्याका आधारमा सबैभन्दा बढी ङादी ग्रुप पावर लिमिटेडको १५ लाख ४७ हजार ६४ कित्ता सेयर किनबेच भएको छ ।

# सिटिजन्स बैंकद्वारा विराटनगरमा वृक्षरोपण




**काठमाडौं (प्रस)-** सिटिजन्स बैंकले विश्व वातावरण दिवसका अवसरमा वृक्षरोपण गरेको छ । बैंकले 'बिट द प्लास्टिक' भन्ने मूल नारालाई आत्मसात् गर्दै आइतबार कोशी प्रदेशको विराटनगरमा बृहत् वृक्षरोपण कार्यक्रम सम्पन्न गरेको हो ।

विश्व वातावरण दिवस २०२५ को दिन बृहत् वृक्षरोपण कार्यक्रम विश्वकर्मा चोक वडा नम्बर ८ मा करिव १०० भन्दा बढी विभिन्न प्रजातिका बिरुवा रोपिएको जानबारी दिएको छ । संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत बैंकले उक्त कार्यक्रम सम्पन्न गरेको हो । यसअघि देशका विभिन्न स्थानमा स्वस्थ शिविर, समुदायिक विद्यालय एवं मठ मन्दिरहरूमा सहयोग गरिसकेको जनाएको छ ।

# नेपाल घरेलु तथा साना उद्योग महासंघ ३६ औं वर्षमा प्रवेश

**काठमाडौं (प्रस)-** लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धन गनुपर्नेमा सरोकारवालाहरूले जोड दिएका छन् । लघु, घरेलु तथा साना उद्योगी व्यवसायीहरूको छाता संस्था नेपाल घरेलु तथा साना उद्योग महासंघ स्थापनाको ३६औं वर्षमा प्रवेश गरेको अवसरमा आइतबार महासंघको सचिवालयमा आयोजना गरिएको स्थापना दिवसमा बोल्नेहरूले यस्तो बताएका हुन् ।




वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै महासंघका अध्यक्ष उमेशप्रसाद सिंहले लघु, घरेलु तथा साना उद्योग नेपालको वास्तविक आर्थिक संरचना र सम्भावनाको प्रतिविम्ब भएको बताए । उनले यस्ता उद्योगविना दिगो, समावेशी र आत्मनिर्भर अर्थतन्त्रको कल्पना गर्न नसकिने दाबी गरे ।

राज्यले नीतिगत, वित्तीय र प्रविधिगत सहयोग पुऱ्याए यिनै उद्योगहरूले नेपाललाई आर्थिकरूपमा आत्मनिर्भर बनाउने सामार्थ्य राख्ने उनको भनाइ थियो । आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा सहयोगी हुने यस्ता उद्योगहरूले ग्रामीण र विकट क्षेत्रको आर्थिक उत्थान गर्नुका साथै साना उद्योगहरू गाउँगाउँमा खोल्न सकिने भएकाले क्षेत्रीय असमानता घटाउनेतर्फ अध्यक्ष सिंहले ध्यानाकर्षण गराए ।

स्थानीय स्रोतसाधन र सीपको उपयोग गर्दै महिलाहरू, युवा र विपन्न समुदायको सशक्तीकरणमा सहयोग पु-याउने यस्ता उद्योगमा ठूला उद्योगको तुलनामा कम लगानी, कम जोखिम र अधिक लचिलोपना हुने उनले बताए । 'नेपाल जस्तो मुलुकमा ठूलो उद्योग सञ्चालनका लागि भौगोलिक, पुँजीगत र पूर्वाधारसम्बन्धी सीमितता छन् । यहाँ लघु, घरेलु तथा साना उद्योग नै आर्थिक गतिशीलताको मेरुदण्ड बन्न सक्छन्,' अध्यक्ष सिंहले भने ।

सरकारले विगतमा दिँदै आएको सहुलियतपूर्ण कर्जा, पुनरकर्जाका बारेमा आगामी आर्थिक वर्षको बजेट मौन देखिएकोले यसलाई निरन्तरता दिनका लागि आगामी दिनमा यस्ता कुराको आवश्यक व्यवस्था हुनुपर्नेमा उनले जोड दिए । महासंघका निवर्तमान अध्यक्ष श्याम गिरीले लघु, घरेलु तथा साना उद्योगहरूलाई अर्थतन्त्रको इञ्जिन भने पनि व्यवहारमा देख्न नसकिएको बताए । लघु, घरेलु तथा साना उद्यमीहरूको हकहितको पैरवी गर्न महासंघ स्थापना भएको स्मरण गर्दै उनले नेपालभरका लघु, घरेलु तथा साना उद्योगीहरूको छाता संगठनको रूपमा विकास भएको बताए ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ